# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## बाह्रदशी गाउँपालिका

झापा



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## बाह्रदशी गाउँपालिका

### झापा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## बाह्रदशी गाउँपालिका

झापा

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(कोशी प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. १४८ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
बाह्रदशी गाउँपालिका, गाँउकार्यपालिकाको कार्यालय,
झापा ।

१. **कैफियतसहितको राय -** हामीले बाह्रदशी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार**

२.१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ६ करोड ९० लाख ८२ हजार बेरुजू देखिएको छ । सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. २७ लाख ३२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४ करोड १० लाख १४ हजार, नियमित गर्नुपर्ने रु १ करोड २६ लाख ९० हजार र पेश्की रू. १ करोड २६ लाख ४६ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु ८ करोड ६७ लाख ९५ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु १५ करोड ५८ लाख ७७ हजार रहेको छ । गाँउपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

२.३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको ,असुली लक्ष्यअनुसार नभएको ,कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको ,अनुदानको पर्याप्त अनुगमन नभएको ,वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको ,लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

२.४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. **वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

४. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

बाह्रदशी गाउँपालिका, झापा

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८६ | १११ | ६९०८२ | ० | ० | ० | ८६ | १११ | ६९०८२ | २७३२ | १२६९० | ४१०१४ | ० | ० | ५३७०४ | १२६४६ |

### १.२ प्रतिक्रियाबाट फस्र्यौट गरिएका दफाहरुको स्विकृत विवरण

| क.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| प्रतिकृयाबाट फछ्र्यौट नभएको | | | |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बाह्रदशी गाउँपालिका झापा | ८६७९५ | ० | ० | ८६७९५ | ० | ६९०८२ | १५५८७७ |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : बाह्रदशी गाउँपालिका, झापा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | खेमराज थापा | २०७९-४-१८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | चुडामणि 9817094080 घिमिरे | २०७५-१२-३ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ६९,०८१,७२४.९२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ११,१८,८५,१६९.३३ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३१,२२,२१,४८८.७५ | **चालु खर्च** | २६,६५,८६,८०८.४ |
| **प्रदेश सरकारबाट अनुदान** | १,४९,८४,९७६ | **पूँजीगत खर्च** | १९,०६,१०,९२८.४९ |
| **राजश्व बाँडफाँट** | ८,४६,०६,५२९.६२ | **वित्तीय/अन्य व्यवस्था** | ९७,९६,१५४.४ |
| **आन्तरिक आय** | २,३५,२४,१६२.७९ | | |
| **अन्य आय** | ३८,१५,६६४.८८ | | |
| **कुल आय** | ४३,९१,५२,८२२.०४ | **कुल खर्च** | ४६,६९,९३,८९१.२९ |
| **बाँकी मौज्दात** | | ८,४०,४४,१००.०८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **लेखापरीक्षण**<br><br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निक्यौंल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्: | |
| २ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै गाउँपालिका स्थापनाको प्रमुख उदेश्य हो । यो गाउँपालिका कुल ८०.०४ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको र हाल ७ वटा वडाहरुमा बिभाजन गरिएको छ । गाउँपालिकाको वस्तुगत विवरण अनुसार कुल जनसंख्या ३९ हजार ६ सय २२ रहेको छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३</td><td></td><td></td><td>

**लेखापरीक्षणको क्रममा असूली**

लेखापरीक्षणको क्रममा देहायबमोजिम रु६,६५,३४९।- असुल भएको छ ।

<table>
<tr><th>क्रस</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>जनता प्राविलाई अनुपातिक कट्टी वापत बढी भुक्तानी</td><td>५५०००</td></tr>
<tr><td>२</td><td>पारिश्रमिक कर</td><td>९७७१</td></tr>
<tr><td>३</td><td>अग्रिम कर</td><td>५७८</td></tr>
<tr><td>४</td><td>कृषि तर्फको दोहोरो भुक्तानी</td><td>6,00,000</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६५३४९</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>

**आर्थिक विवरण**

आर्थिक वर्ष २०७८।७९ स्थानीय सञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः गाउँपालिकालाई एकीकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भूक्तानीको एकीकृत बार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) उपलब्ध गराउन माग

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरिएकोमा सो अनुसारको विवरण प्राप्त भएको छ । सो अनुसार गाउँपालिकाको यस वर्षको आय व्यय विवरण निम्नानुसार रहेको छ । | |

प्राप्ती भुक्तानी हिसाव

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ४९,५०,६७,१४४.७४ | ४३,९१,५२,८२२.०४ | | ४३,९१,५२,८२२.०४ | ४४,३७,१३,२५७.७१ | | ४४,३७,१३,२५७.७१ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ४७,८२,०१,९८०.०० | ४३,५३,३७,१५७.१६ | ० | ४३,५३,३७,१५७.१६ | ४१,८६,५७,२३५.४५ | ० | ४१,८६,५७,२३५.४५ |
| ११००० कर | ११ | ९,१९,६०,८००.०० | ८,८२,५९,४८१.७६ | ० | ८,८२,५९,४८१.७६ | ८,९०,३०,२३३.५७ | ० | ८,९०,३०,२३३.५७ |
| १३००० अनुदान | | ३८,१०,३४,१८०.०० | ३२,७२,०६,४६४.७५ | ० | ३२,७२,०६,४६४.७५ | ३२,०९,१६,०५८.८२ | ० | ३२,०९,१६,०५८.८२ |
| संघीय सरकार | १२ | ३५,७९,६८,१८०.०० | ३१,२२,२१,४८८.७५ | ० | ३१,२२,२१,४८८.७५ | ३१,३६,१९,०५८.८२ | ० | ३१,३६,१९,०५८.८२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्रदेश सरकार | १२ | २,३०,६६,०००.०० | १,४९,८४,९७६.०० | ० | १,४९,८४,९७६.०० | ७२,९७,०००.०० | ० | ७२,९७,०००.०० |
| १४००० अन्य राजस्व | | ५२,०७,०००.०० | १,९८,७१,२१०.६५ | ० | १,९८,७१,२१०.६५ | ८१,८९,९७९.०६ | ० | ८१,८९,९७९.०६ |
| १५००० विविध प्राप्ति | | ० | ० | ० | ० | ५,२०,९६४.०० | ० | ५,२०,९६४.०० |
| ख. अन्य प्राप्ति | | १,६८,६५,१६४.७४ | ३८,१५,६६४.८८ | | ३८,१५,६६४.८८ | २,५०,५६,०२२.२६ | | २,५०,५६,०२२.२६ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ६,४५,०७५.०० | ० | ६,४५,०७५.०० |
| कोषहरु | | १,६८,६५,१६४.७४ | ० | ० | ० | १,९४,८७,४३७.७९ | ० | १,९४,८७,४३७.७९ |
| धरौटी | | ० | ३८,१५,६६४.८८ | ० | ३८,१५,६६४.८८ | ४९,२३,५०९.४७ | ० | ४९,२३,५०९.४७ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ५९,३५,५१,२७९.७४ | ४६,६९,९३,८९१.२९ | | ४६,६९,९३,८९१.२९ | ४२,६२,४८,०४०.२१ | | ४२,६२,४८,०४०.२१ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५७,६६,८६,११५.०० | ४५,७१,९७,७३६.८९ | | ४५,७१,९७,७३६.८९ | ४१,२३,७०,६५२.२१ | | ४१,२३,७०,६५२.२१ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १२,९६,९२,६००.०० | १२,७८,५२,१८२.३५ | ० | १२,७८,५२,१८२.३५ | ३,८३,३२,२८८.२८ | ० | ३,८३,३२,२८८.२८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका) | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १५,१८,८७,४००.०० | १२,८०,१२,०८५.४० | ० | १२,८०,१२,०८५.४० | ७,८५,२८,३२३.३२ | ० | ७,८५,२८,३२३.३२ |
| २५००० सहायता (Subsidy) | १८ | ८,१९,०००.०० | ८,१९,०००.०० | ० | ८,१९,०००.०० | ३८,२४,०८४.०० | ० | ३८,२४,०८४.०० |
| २६००० अनुदान | १८ | ० | ० | ० | ० | ९,५५,७४,२१५.८० | ० | ९,५५,७४,२१५.८० |
| २७००० सामाजिक सुरक्षा | १८ | १,५२,१४,०००.०० | ६८,७९,२१४.६५ | ० | ६८,७९,२१४.६५ | ८२,४५,०५७.४२ | ० | ८२,४५,०५७.४२ |
| २८००० अन्य खर्च | १८ | ३०,९२,०००.०० | ३०,२४,३२६.०० | ० | ३०,२४,३२६.०० | २२,०१,१५२.०० | ० | २२,०१,१५२.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २७,५९,८१,११५.०० | १९,०६,१०,९२८.४९ | ० | १९,०६,१०,९२८.४९ | १८,५६,६५,५३१.३९ | ० | १८,५६,६५,५३१.३९ |
| घ. अन्य भूक्तानी | | १,६८,६५,१६४.७४ | ९७,९६,१५४.४० | | ९७,९६,१५४.४० | ४२,६२,४८,०४०.२१ | | ४२,६२,४८,०४०.२१ |
| कोषहरु | | १,६८,६५,१६४.७४ | ५९,७३,२३२.४० | ० | ५९,७३,२३२.४० | १,१०,९६,४३९.०० | ० | १,१०,९६,४३९.०० |
| धरौटी | | ० | ३९,००,८८५.०० | ० | ३९,००,८८५.०० | २७,८०,९४९.०० | ० | २७,८०,९४९.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -७७,९६३.०० | | -७७,९६३.०० | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | (९,८४,८४,१३५.००) | (२,७८,४१,०६९.२५) | | (२,७८,४१,०६९.२५) | १,७४,६५,२१७.५० | | १,७४,६५,२१७.५० |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ११,१८,८५,१६९.३३ | | ११,१८,८५,१६९.३३ | ११,३६,३३,२८४.८१ | | ११,३६,३३,२८४.८१ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (९,८४,८४,१३५.००) | ८,४०,४४,१००.०८ | | ८,४०,४४,१००.०८ | १३,१०,९८,५०२.३१ | | १३,१०,९८,५०२.३१ |

| | | | | |
|---|---|---|---|---|
| ५ | | | **वित्तीय विवरण परीक्षण** | |
| ५.१ | | | **वित्तीय विवरण —** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिएअनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्वन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | • स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको छ ।<br>• प्राप्त वितीय विवरणको अनुसुची २४ मा देखाएको बैक तथा नगद बाकी रु.८४३५०१००।०८ मध्ये खाताहरुको कुल वैक अनुसार वांकी मौज्दात रु ८४०४४१००।०८ संचित कोष र खर्च खातामा रु ३०५८२० बैक कारोवारमा भिन्नता छ । यस सम्वन्धमा पुष्टयाई प्राप्त नभएकोले हिसावएकिन हुनु प्रर्दछ ।<br>• गाउँपालिकाले कार्यसंचालन कोष अन्तर्गतका प्रकोप व्यवस्थापन कोष, विविध खर्च खाता, कर्मचारी कल्याण कोष, बिभाज्य कोषको शुरु मौज्दात शुत्रले कोषगत खातामा नदेखाउने र वित्तीय प्रतिवेदन फा.नं. २७२ को शुरु मौज्दातमा समेत समाबेश नहुँने हुँदा अल्या मौज्दात एकिन हुन सकेन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ५.२ | | | गत वर्षको वित्तीय विवरणमा रु १२,६४,१४,७१८.०२ मौज्दात देखाएकोमा यस वर्षको वित्तीय प्रतिवेदन अनुसार यस वर्षको शुरु मौज्दात रु१११८८५१६९।३३ रहेको छ। गतको वर्षको भन्दा रु१४५२९५४८।६९ घटी मौज्दात कायम गरेको छ । घटी जिम्मेवारी सारेको रकम यकिन हुनुपर्दछ रु | १४,५२९,५४८.६९ |
| ५.३ | | | दायित्व दाखिलाः वित्तीय प्रतिवेदन अन्य भूक्तानी तर्फ (म.ले.प.फा.न. २७२) मा कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी सबै रकम सम्बन्धित खातामा जम्मा गर्नुपर्नेमा प्राप्ती भुक्तानीमा रु. ७७९६३/- आ. व. को अन्त्य सम्मपनि दाखिला गर्न बाकी रहेको देखिएकोले सो रकम सम्बन्धित खातामा जम्मा गरेको प्रमाण पेश हुनुपर्ने रु. | ७७,९६३ |
| ५.४ | | | अन्तर सरकारी अख्तियारीः पालिकाहरुलाई Sub National Treasury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्ने व्यवस्था गरेको छ। सोही प्रणाली मार्फत लेखा अभिलेख राखेमात्र प्रणालीवाट प्राप्त हुने प्राप्ती तथा भुक्तानी विवरणमा सम्पूर्ण प्राप्ती तथा भुक्तानी समावेश हुने गर्दछ। तर पालिकाको सुत्र प्रणालीमा अन्तर सरकारी अख्तियारी मार्फत प्राप्त भएको रकम प्रविष्टि नगरेका कारण सुत्र प्रणालीवाट प्राप्त हुने प्रतिवेदनले सम्पुर्ण प्राप्ति तथा भुक्तानी समेटेको देखिएन । पालिकामा प्राप्त अन्तर सरकारी अख्तियारी अन्तर्गत स्थानीय तह एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम रु१७३४५०००, गरिवसँग | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | विश्वेश्वर कार्यक्रम रु४६४००० र सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत प्राप्त तथा खर्च भएको रकम रु.१३०५३८१६९।९९ समेत कुल रु.१४८३४७१६९।९९ सुत्रको वित्तिय प्रतिवेदनमा समावेश भएको पाइएन । | |
| ६ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| ६.१ | | | प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन – स्थानीय सरकार सञ्चालन ऐन,, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। गाउँपालिकामा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित ९२ जना पदपूर्ती भएको देखिन्छ । गाउँपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण तथा स्विकृत दरवन्दी विवरणको अभिलेख लेखापरीक्षणमा प्राप्त भएन । कानूनमा भएको व्यवस्था अनुसार संगठन तथा व्यवस्थापन सर्वेक्षण गरि संगठन संरचना तथा दरवन्दी विवरण निर्धारण गर्नुपर्दछ । | |
| ६.२ | | | तलब प्रतिवेदन पारित नगरेकोः निजामती सेवा ऐन, २०४९ अनुसार तलब र ग्रेड भुक्तानी दिँदा पारित ग्रेडलाई निजामती किताबखाना, कोष तथा लेखा नियन्त्रक कार्यालय वा आ.ले.प. शाखाबाट ग्रेड भिडान गरेर तलबी प्रतिवेदन पारीत गरी तलब भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले आव २०७८।७९ मा गाउँपालिका चालु तर्फ रु १९१००००० तलब खर्च गर्दा तलबी प्रतिवेदन पारित नगरी खर्च गरेको छ । | |
| ६.३ | | | कर्मचारी करार – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन पारित गरी सोही बमोजिम कम्प्युटर अपरेटर, हलुका सवारी चालक, कार्यालय सहयोगी जस्ता पदहरुमात्र करार सेवामा व्यवस्थापन गरेको छ । गाउँपालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखि रु ३,२४,९५,३८७.८० खर्च लेखेको छ । | ४,८७०,५६० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३ (८) वमोजिम पालिकाले नगरप्रहरी, सवारीचालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे र सरसफाई सम्बन्धि पदमा मात्र करारवाट सेवा लिन सकिने र सो बाहेक अन्य पद तथा सेवामा करारबाट पदपूर्ति गर्न नसकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद बाहेक विभिन्न पदमा १४ जना नियुक्ति गरी वर्ष रु.४८७०५६० खर्च लेखेकोले नियमसम्मत नदेखिएको रु</td><td></td></tr>
<tr><td>६.४</td><td></td><td></td><td>कर्मचारी कल्याण कोष - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाको कर्मचारी कल्याणकोषमा रु २१३५११५ बाँकी देखिएकोमा कोष संचालन सम्बन्धी कार्यविधि बनाएको छैन ।<br>कार्यपालिकाको मिति २०७८।८।२१ मा बसेको १३७ औ बैठकले विद्यालयका देहायका सेवानिवृत्त कर्मचारीहरुलाई कर्मचारी कल्याणकोषबाट उपदान दिने निर्णय गरेको छ । कर्मचारी कल्याणकोषसम्बन्धी कार्यविधि नरहेको र गाउँपालिकाले नियुक्त नगरेका कर्मचारीलाई उपदान दिनु उपयुक्त देखिएन ।
<table>
<tr><td>कर्मचारीको नाम</td><td>पद</td><td>विद्यालय</td><td>उपदान रकम</td></tr>
<tr><td>मोहितलाल कामती</td><td>विद्यालय कर्मचारी</td><td>पशुपति मावि</td><td>२३७४००</td></tr>
<tr><td>प्रेमलाल राजवंशी</td><td>विद्यालय सहयोगी</td><td>पशुपति मावि</td><td>२३७४००</td></tr>
<tr><td>पूर्ण प्रसाद उप्रेति</td><td>विद्यालय सहयोगी</td><td>जनविकास मावि</td><td>२३७४००</td></tr>
<tr><td>नरनारायण काफ्ले</td><td>विद्यालय सहयोगी</td><td>कटरडांगी मावि</td><td>२३७४००</td></tr>
<tr><td>फत्ते बहादुर खड्का</td><td>विद्यालय सहयोगी</td><td>पशुपति आवि</td><td>२३७४००</td></tr>
<tr><td>कुमार प्रसाद रिजाल</td><td>विद्यालय सहयोगी</td><td>फूलबारी मावि</td><td>२३७४००</td></tr>
</table></td><td>७५,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td></td><td></td><td>१४२५०००</td></tr></table><br>आयकर ऐन, २०५८ अनुसार कर कट्टा गरेर मात्र भुक्तानी गर्नुपर्ने र करकट्टी रकम दाखिला गर्नुपर्ने उल्लेख छ । माथिको भुक्तानीमा कर कट्टी गरी रु७५००० दाखिला नगरेकोले सो कर रकम दाखिला गर्नुपर्ने</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>बार्षिक खरिद योजना/गुरुयोजना<br><br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु १९,०६,१०,९२८.४९ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर गाउँपालिकाले ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>आयोजना फरफारक<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(२) मा प्रमुख प्रशासकीय अधिकृतको काम कर्तव्य र अधिकारको सम्बन्धमा उल्लेख छ । उक्त दफाको उपदफा २(ङ)मा व्यवस्था भए अनुसार प्रमुख प्रशासकीय अधिकृतले आयोजनाको फरफारकका लागि प्रतिवेदन तयार गरी कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा सो को पालना भएको देखिएन । सोको पालना हुनुपर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **राजश्व बाँडफाँडबाट प्राप्त रकमको उपयोग**<br><br>राजश्व बाँडफाँडबाट प्राप्त रकमको उपयोगः राष्ट्रिय प्राकृतिक श्रोत तथा बित्त आयोगले जारी गरेको मार्गदर्शनमा राजश्व बाँडफाडबाट प्राप्त हुने रकमको उपयोग गर्दा मुलत सामाजिक सेवा र आर्थिक सामाजिक क्षेत्रमा उपयोग गर्ने, प्रशासनिक खर्च आफ्नो आन्तरिक आयबाट व्यवस्थापन गर्ने तर अत्यावश्यक प्रशासनिक खर्चको लागि आफ्नो आन्तरिक आय अपर्याप्त भएको अवस्थामा मात्र किफायती रुपमा उपयोग गरी वाकी रकम बिकास निर्माण र सार्वजनिक सेवामा खर्च गनुपर्ने गरी बजेट विनियोजन गनुपर्ने उल्लेख गरेकोमा गाउँपालिकाले प्राप्त अनुदान रकम मुलत सामाजिक सेवा, बिकास निर्माण र सार्वजनिक सेवामा विनियोजन नगरी दैनिक प्रशासनिक कार्यमा विनियोजन गरी खर्च गरेकोले आन्तरिक श्रोत बृद्धि गरी मार्गदर्शन बमोजिम अनुदानको खर्च गरीनुपर्छ । | |
| १० | | | **बजेट तथा कार्यक्रम** | |
| १०.१ | | | अबण्डा बजेटः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले देहाय अनुसार बजेट अवण्डामा राखेको छ । योजना तथा कार्यक्रम स्पष्ट नगरी अवण्डामा बजेट राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रिया नियन्त्रण गरिनु पर्दछ। | |

| खर्च शिर्षक | बजेट | खर्च |
|---|---|---|
| समपुरक कोष निर्धारित कार्यक्रम तर्फ | ३,९३,६८,०००.०० | २,१७,१२,४४४.०० |
| समपुरक कोष गा पा को निर्णय | २५,००,०००.०० | २५,००,०००.०० |
| भैपरी आउने पुंजीगत खर्च वडाको निर्णय अनुसार वडा नं ३ | ८,७५,०००.०० | ७,२६,७१०.०० |
| वडाको भैपरी खर्चको लागि वडा नं ४ | ८,५९,०००.०० | ७,३९,८४७.०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४ भैपरी कोष वडा नं ५</td><td>८,९०,०००.००</td><td>४,९८,३२९.००</td></tr>
<tr><td>भैपरी</td><td>२०००००</td><td>२०००००</td></tr>
<tr><td>पर्यटन विकास</td><td>१,२०,००,०००.००</td><td>१८,८८,३५१.००</td></tr>
<tr><td>शिक्षक व्यवस्थापन</td><td>६,००,०००.००</td><td>५,९३,०२६.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१०.२</td><td></td><td></td><td>
रकमान्तरः आर्थिक वर्ष ०७८।७९ का लागि स्वीकृत भएको योजना तथा कार्यक्रममा विभिन्न कोष तथा योजना तर्फ स्वीकृत रु.१०,०६,८८,४००.०० रकम बराबरको २२७ योजनालाई घटाई गरी नयाँ तथा भएका योजनामा रकम थप योजना रु. १०,०६,८८,४००.०० रकम बराबरको २२८ योजना/कार्यक्रम कार्यापालिकाको पटक पटकको निर्णयले नयाँ योजना कार्यान्वयन वा भएका योजनामा थपघट गरी सभामा सिफारिस भई गाउँसभाको हिउँदे बैठकले स्वीकृत गरेको देखियो । योजना छनौट गर्दा पर्याप्त अध्ययन नगरी योजना छनौट गर्ने र कार्यान्वयनको क्रममा नयाँ योजना छनौट गर्ने बजेट थपघट गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।
<table>
<tr><th>खर्च शिर्षक</th><th>रकम</th><th>रकमान्तर खर्च शिर्षक</th><th>रकम</th></tr>
<tr><td>भैपरी शिर्षक</td><td>500,000.0</td><td>विपन्न विद्यार्थीहरुलाई शुल्क अनुदान</td><td>66,000.0</td></tr>
<tr><td>शिक्षक व्यवस्थापन</td><td>६०००००</td><td>क) जनज्योति आ. वि. लाई शिक्षक व्यवस्थापनका लागि १२ महिनाको रु. 23500 ।- का दरले</td><td>282,000.0</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | | ख) जनता आ. वि. लाई शिक्षक व्यवस्थापनका लागि 8 महिनाको रु. 15000 ।- का दरले | 120,000.0 | |
| | | | | | ग) विपन्न वर्गका संथाल समुदायलाई सुँगुरको पाठापाठी वितरण | 53,000.0 | |
| | | | | | घ) भिमसेन मन्दिर रंगरोगन | 50,000.0 | |
| | | | | | ङ) हेम बस्नेतको घर जाने बाटो ग्राभेल सहित मर्मत | 30,000.0 | |
| | | | | | छ) संथालबस्ती जाने बाटोको उत्तर तर्फ भएको खाडी पुर्ने | 35,000.0 | |
| | | | | | ज) पञ्चकन्या मन्दिरको टहरामा टिन व्यवस्थापन | 30,000.0 | |
| | | | वडाको भैपरी खर्च | ६२२००० | क) आर्थिक सहयोगका लागि | 100,000.0 | |
| | | | | | ख) वडाको भैपरी खर्च | 522,000.0 | |
| | | | विभिन्न धार्मिक तथा साँस्कृतिक उत्थान तथा प्रवर्द्धन व्यवस्थापनका लागि समाग्री वितरण | १००००० | वडा नं. ५ का विभिन्न स्थानमा ह्युम पाइप ढुवानी गरि वितरण | १००००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| भैपरी खर्च | २४३३०० | क) वडा कार्यालयको लागि ल्यापटप खरिद | 100,000.0 |
| | | ख) विपन्न वर्गलाई निशुल्क विद्युत मिटर उपलब्ध गराउने | 60,000.0 |
| | | ग) भैपरी खर्च (बाँकी) | 83,300.0 |
| विपन्न घरपरिवारलाई निशुल्क विद्युत मिटर वितरण तथा जडान | 85,000.0 | मोटर खरिद | 185,000.0 |
| वडा नं. ७ मा सडकवत्ती जडान | 100,000.0 | | |
| महिलाको पाठेघरको मखुको क्यान्सर तथा आङ खस्ने समस्या समाधानको लागि लगायत आँखा शिविर संचालन | 100,000.0 | मृत्यु भएका परिवारलाई रु. 10000 । 0 का दरले आर्थिक सहयोग | 100,000.0 |
| डाँगिबारी बजार टहरा निर्माण | 1,200,000.0 | डाँगिबारी नव दुर्गा मन्दिरलाई घेराबारा | 1,200,000.0 |
| वडा कार्यालय भवन निर्माण | १५००००० | क) डाँगिबारी नव दुर्गा मन्दिरलाई घेराबारामा | 700,000.0 |
| | | ख) विपन्न वर्गका नागरिकलाई टिनको छाना वितरण | 800,000.0 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>दुर्गा मन्दिर र काली मन्दिर रेलिङ्ग लगाउने</td><td>100,000.0</td><td rowspan="2">डाँगिबारी बजारमा टाईल्स, काली मन्दिरमा रेलीङ्ग तथा टहरा निर्माण</td><td rowspan="2">1,600,000.0</td></tr>
<tr><td>डाँगिबारी बजार व्यवस्थापन गर्न</td><td>1,500,000.0</td></tr>
</table></td><td></td></tr>
<tr><td>१०.३</td><td></td><td></td><td>बजेट संशोधनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६ (२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । तर पालिकाले हिउँदे गाउँसभावाट संशोधन गरेको तथा रकमान्तर गरेको रकमहरू सुत्रमा प्रविष्टि गरेको देखिएन । संशोधन गरेको कार्यक्रमहरु अद्यावधिक नगरी पहिला नै प्रविष्टि भएको कार्यक्रम तथा शिर्षकवाट खर्च लेखी दोस्रो नगरसभावाट पारित योजनाहरुको खर्च गरेको हुदा सम्बन्धित शिर्षकमा तोकिएको रकम वास्तविक रुपमा नै सभावाट पारित भएको भनी एकिन गर्न सकिएन । सभावाट स्वीकृत कार्यक्रमहरु सोही कार्यक्रम तथा शिर्षकवाट खर्च लेख्ने र बजेट को सिमा ननाघी खर्च गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।</td><td></td></tr>
<tr><td>१०.४</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चको स्थिति : स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस गाउँपालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।<br>(रु )
<table>
<tr><th>क्षेत्र</th><th>बजेट</th><th>खर्च</th><th>खर्च प्रतिशत (जम्मा खर्चको तुलनामा)</th></tr>
<tr><td>आर्थिक विकास</td><td>३,७९,००,०००.००</td><td>२,२८,५१,५९१.००</td><td>६०.२९</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सामाजिक क्षेत्र</td><td>२१,३४,५२,०००.००</td><td>१८,२७,७३,०४४.००</td><td>८५.६३</td></tr>
<tr><td>पूर्वाधार विकास</td><td>२२,१२,६३,११५.००</td><td>१५,२७,६९,५१०.४९</td><td>६९.०४</td></tr>
<tr><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>८०,०१,०००.००</td><td>७५,३६,७७४.००</td><td>९४.२</td></tr>
<tr><td>कार्यालय सञ्चालन तथा प्रशासनिक</td><td>९,६०,७०,०००.००</td><td>९,१२,६६,८१७.४०</td><td>९५</td></tr>
<tr><td>जम्मा</td><td>५७,६६,८६,११५.००</td><td>४५,७१,९७,७३६.८९</td><td>७९.२८</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी कार्यालय सञ्चालन तथा प्रशासनिकमा र घटी प्रतिशत आर्थिक विकासमा रहेको छ ।
खर्च बिश्लेषणः पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु.२३५२४१६२.७९, राजस्व बाँडफाँड रु.८,४६,०६,५२९.६२ र अनुदानबाट रु.३२७२०६४६४.७५ र बैंक मौज्दात रु ८,६२,५६,६१३.३३ समेत रु.५२,१५,९३,७७०.४९ आम्दानी भएकोमा चालु तर्फ रु.२६,६५,८६,८०८.४० र पूँजिगत तर्फ रु.१९,०६,१०,९२८.४९/- र समेत रु. ४५,७१,९७,७३६.८९ खर्च भएको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. ७४,९९,९४३.२० खर्च भएको छ । यसबाट पालिकाहरुले विकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०.५</td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारी - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्य गाउपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्षले मिति २०७९।३।१० मा बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई २०७७।३।२७ मा बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । वजेट खर्च गर्ने अख्तियारी प्रदान भएकोमा चौमाशिक रुपमा भएको खर्चको आवृत्ति (Trend) एकनासको र अनुमानयोग्य देखिएन । चौमाशिक खर्चको भार अन्तिम चौमाशिक र आषाढ महिनामा बढि देखिन्छ भने अन्य खर्चको ट्रेण्ड समेत महिनागत रुपमा समान र अनुमान योग्य देखिएन । ऐनको भावना अनुसार पूजिगत खर्च व्यवस्थापन हुनेगरी सुधार गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१०.६</td><td></td><td></td><td>त्रैमासिक खर्च : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमवली २०७७ को नियम २८ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम प्रगति त्रैमासिक विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th rowspan="2">बजेट उपशिर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="4">चौमासिक खर्च (रु. हजारमा)</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेश्रो चौमासिक</th><th>आषाढ महिना</th></tr>
<tr><td>पूँजिगत खर्च</td><td>१९,०६,१०</td><td>३,७३,८०</td><td>६,१८,८३</td><td>९,१३,४६</td><td>३,८५,४३</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रतिशत \| १००.०० \| १९.६१ \| ३२.४७ \| ४७.९२ \| २०.२२<br>गाउँपालिकाले उपलब्ध गराएको विवरणअनुसार पुँजीगत खर्च रु.१९ करोड ६ लाख १० हजार खर्च भएकोमा प्रथम चौमासिकमा रु. ३ करोड ७३ लाख ८० अर्थात १९.६१ प्रतिशत, दोश्रो चौमासिकमा रु. ६ करोड १८ लाख ८३ हजार अर्थात ३२.४७ प्रतिशत र तेश्रो चौमासिकमा रु. ९ करोड १३ लाख ४६ अर्थात ४७.९२ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी आषाढ महिनमा मात्र रु ३ करोड ८५ लाख ४३ हजार अर्थात २०.२२ खर्च देखिनुले खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । | |
| १०.७ | | | दिगो विकासका लक्ष्यहरुको आन्तरिकीकरणः दिगो विकास अवधारणा अन्तर्गत तय भएका लक्ष्यहरू (१७ लक्ष्य, १६९ परिमाणात्मक लक्ष्य र २४४ सूचकहरू) प्राप्तिका लागि नेपालका तीनै तहका सरकार समान रूपले जिम्मेवार छन् । यस पालिकाले तयार गरेको आवधिक विकास योजनामा समेत दिगो विकास लक्ष्य प्राप्तिका लागि प्रतिबद्धता जाहेर गरेको छ। पालिकाले आवधिक योजना तयार गरेको देखिएन। वार्षिक बजेट र संचालन गरिने कृयाकलापहरुलाई दिगो विकास लक्ष्य प्राप्ति तर्फ केन्द्रित गर्नका लागि यसका सूचकहरूलाई स्थानीयकरण गर्नुपर्ने हुन्छ। दिगो विकासका लक्ष्यहरू आन्तरिकीकरण नगरी योजना तर्जुमा गर्दा दिगो विकासका लक्ष्यहरूमा योगदान पुत्रे कार्यक्रमहरू तर्जुमा नहुन सक्ने जोखिम रहने भएकोले 'पालिकाले दिगो विकासका लक्ष्यहरूको आन्तरिकीकरण गरी दिगो विकासका मध्यम कालीन लक्ष्य निर्धारण गर्ने र सो बमोजिम भएको प्रगतिको मूल्यांकन गर्ने गर्नु पर्दछ । | |
| १०.८ | | | बजेट तथा कार्यक्रम तर्जुमाः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । कार्यालयले सोअनुसार बजेट तर्जुमा गरेको पाइएन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>११</td><td></td><td></td><td>कोभिड परीक्षणसूचि</td><td></td></tr>
<tr><td>११.१</td><td></td><td></td><td>गाउँपालिकाको यस वर्ष कोभिड-१९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा पालिकाले पेश गरेको आय-व्यय देहायअनुसार रहेको छ ।<br><table>
<tr><th>आम्दानी/स्रोत</th><th>रकम रु</th><th>खर्च शिर्षक</th><th>रकम रु</th></tr>
<tr><td>अल्या</td><td>१९८८२८६</td><td>औषधी एवं स्वास्थ्य उपकरण खरिद</td><td>१५५८१४३</td></tr>
<tr><td>स्थानीय तहको आफ्नै वजेटवाट</td><td>५००००००</td><td>जनशक्ति व्यवस्थापन</td><td>१९२९०६</td></tr>
<tr><td></td><td></td><td>पिसिआर जाँच खर्च</td><td>४७५७५०</td></tr>
<tr><td></td><td></td><td>अन्य खर्च</td><td>९५३४०</td></tr>
<tr><td></td><td></td><td>वाँकी</td><td>४६६६१४७</td></tr>
<tr><td>जम्मा</td><td>६९८८२८६</td><td>जम्मा</td><td>२३२२१३९</td></tr>
</table></td><td></td></tr>
<tr><td>११.२</td><td></td><td></td><td>कोरोना संक्रमणको अवधिमा पालिका अन्तर्गत रहेका निजी अस्पताल तथा सेवा केन्द्रहरुले उपलब्ध गराएको यस सम्बन्धी सेवाको विश्लेषण र समन्वयको आधार खुलेको अभिलेख विवरण पेश नभएकोले कोभिड नियन्त्रण र व्यवस्थापनमा अन्तर सरकारी तथा निजि क्षेत्ररुको सहयोगात्मक अवस्था, सुचना आदानप्रदान र समन्वयको बारेमा उल्लेख गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>११.३</td><td></td><td></td><td>जोखिम आंकलन र पूर्व तयारी- कार्यालयले कोभिड महामारी नियन्त्रणका लागि, जोखिम आँकलन गरी पूर्व तयारी र महामारी पछि नियन्त्रण तथा रोकथामका लागि कार्ययोजना बनाएको हुनुपर्दछ । पालिकाले स्वास्थ्य शाखा प्रमुखको संयोज्वकत्वमा क्वारेन्टीन संचालक समिति, अध्यक्षको संयोजकत्वमा नगरस्तरीय क्वारेन्टीन समिति तथा नगरस्तरीय सी सी एम सी सी</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>उल्लेख गरेको भएतापनि कोभिड महामारीबाट हुने जोखिम आंकलनका लागि तथा महामारी पछि नियन्त्रण र रोकथामका लागि कार्ययोजना बनाएको देखिएन ।</td><td></td></tr>
<tr><td>११.४</td><td></td><td></td><td>जोखिम भत्ता भुक्तीः यस वर्ष कोरोना कोषबाट ३ जना कर्मचारीलाई साउन देखि मंसिर सम्मको तलबको ५० प्रतिशत जोखिम भत्ता वापत रु १९२९०६ भुक्तानी गरेको छ ।</td><td></td></tr>
<tr><td>११.५</td><td></td><td></td><td>औषधी खरीदः सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । कार्यालयले पटक पटक गरी देहायबमोजिम औषधीहरु कोभिड शिर्षकबाट खरिद गरेको नियमसम्मत भएन रु
<table>
<tr><th>भौ र मिति</th><th>फर्मको नाम</th><th>रकम</th></tr>
<tr><td rowspan="2">५।७।५</td><td>प्रधान मेडिसिन सेन्टर</td><td>१४१८४०</td></tr>
<tr><td>पी एण्ड पी ट्रेडर्स</td><td>८४३६६</td></tr>
<tr><td>६।७।५</td><td>मेगा मेडी इम्पेक्स प्रालि</td><td>३७१६००</td></tr>
<tr><td>८।९।२०</td><td>रिद्धि सिद्धि मेडीटेक इन्टरनेशनल</td><td>४५७०४२</td></tr>
<tr><td>२४।३।१६</td><td>कान्तिपुर मेडिसिन सेन्टर</td><td>५०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१५५४८४८</td></tr>
</table></td><td>१,५५४,८४८</td></tr>
<tr><td>११.६</td><td></td><td></td><td>खोप विवरणः यस पालिकासँग कोभिड-१९ विरुद्धको खोप वितरण माग गरेकोमा सो विवरण पेश भएन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.७ | | | कोभिड प्रभावित राहत कार्यक्रम - कोभिड १९ को महामारीबाट प्रभावित अति विपन्न परिवार नगद हस्तानन्तरण कार्यविधि २०७८ को दफा ३ मा कोभिड को महामारी नियन्त्रणको लागि भएको बन्दाबन्दी कारण रोजगारी गुमाएका र नेपाल सकारबाट कुनै प्रकारको लाभ प्राप्त नगरेका नेपाली नागरिकहरुलाई पहिचान गरी प्रति परिवार रु दश हजारका दरले राहत रकम वितरण गर्नुपर्ने उल्लेख छ। त्यस्तै दफा ५ मा यस्तो राहत रकम हस्तान्तरणको लागि सम्बन्धित पालिकको वडा कार्यालयमा निवेदन पेश गर्ने गरी राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना आह्वान गर्नुपर्ने र सो सुचनाको जानकारी सम्बन्धित स्थानीय तहको वेवसाईटमा समेत राख्नुपर्ने उल्लेख छ । उक्त सूचनाको आधारमा पालिकाले सम्बन्धित वडामा प्राप्त निवेदनको प्रकृति हेरी वडा अध्यक्षले पालिकालाई सिफारिस गर्ने र सोको आधारमा रितपूर्वको निवेदन यकिन भएका लभग्राहीको नामावली सम्बन्धित पालिकाको प्रमखु प्रशासकीय अधिकृतले दावी विरोधका लागि तीन दिनको समायवधि दिई सुचना सार्वजनिक गर्नुपर्ने उल्लेख छ । यसरी सूचना जारी गर्दा सम्बन्धित स्थानीय तह र वडा कार्यालको सूचना पाटि वा वेवसाइटमा समेत राख्नुपर्ने उल्लेख छ । पालिकाले यसै वर्ष उक्त राहत रकम विभिन्न गो भौ न बाट ५८३ घरधुरी लाई प्रति परिवार १० हजारको दरले रु. ५८ लाख ३० हजार वितरण गरेकोमा पेन्सन वा सामाजिक सुरक्षा अन्तर्गतको भत्ता प्राप्त गरे नगरेको आदि खुलेको निवेदन संकलन नगरेको, प्रधानमन्त्री रोजगार कार्यक्रममा संलग्न रहे नरहेको वारेमा निर्णय प्रक्रियामा उल्लेख गरेको पाईएन । यसरी कोभिड १९ महामारीबाट प्रभावित अति विपन्न परिवारलाई राहत वितरण गर्दा कार्यविधिले निर्धारण गरेका मापदण्ड पराउनुपर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| १२ | | | **सेवा प्रवाह विवरण**<br><br>सेवाप्रवाहको स्थिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा गाउँपालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । गाउँपालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, पञ्जिकरणको तथ्याङ्क तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । यस पालिका तथा अन्तर्गतका वडाबाट यस वर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ ।<br><br>विवरण \| जम्मा | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>२६</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>१२२७</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>३१८</td></tr>
<tr><td>विवाह दर्ता</td><td>३३९</td></tr>
<tr><td>बसाइँ सराइ</td><td>५३९</td></tr>
<tr><td>अन्य (सम्बन्ध विच्छेद)</td><td>प्राप्त नभएको</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>१.३९९ कि.मि.</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>प्राप्त नभएको</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>२४.२८३ कि.मि.</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>४८.४८९ कि.मि.</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>धरौटी</td><td></td></tr>
<tr><td>१३.१</td><td></td><td></td><td>महालेखा नियन्त्रक कार्यालयको च. नं. १ मिति २०७६।४।१ को परिपत्रमा महालेखापरीक्षक कार्यालयबाट स्वीकृत नया म.ले.प.फारमको प्रयोग गरी लेखा राख्नुपर्ने उल्लेख छ । पालिकाले सोही बमोजिम धरौटी अन्तर्गतका स्विकृत म.ले.प.फारम नं: ६०४, ६०५, ६०६ र ६०८ को प्रयोग गरेको पाइएन ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१३.२</td><td></td><td></td><td>धरौटी फिर्ता सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ (२) मा कार्यालयले निर्माण लगायत अन्य खरिद कार्यको भुक्तानी गर्दा कट्टा गरेको रिटेन्शन मनि फिर्ता भुक्तानी गर्दा पालना गर्नुपर्ने नियम सम्बन्धमा व्यवस्था छ ।आन्तरिक राजस्व विभागको परिपत्र अनुसार निर्माण व्यवसायीको धरौटी फिर्ता गर्दा सम्बन्धित आय वर्षको कर चुक्ता प्रमाण पत्र र मू.अ.कर समायोजन समेतको प्रमाण लिएर मात्र धरौटी फिर्ता गर्नुपर्नेमा कार्यालयले निम्नानुसार योजनाहरुको धरौटी फिर्ता गर्दा प्राविधिकको स्थलगत प्रतिवेदन वेगर धरौटी फिर्ता दिएको देखिएकोले धरौटी राख्नुपर्नाको औचित्य देखिएन । साथै निर्माण व्यवसायी लगायत विक्रेताको धरौटी फिर्ता गर्दा मू.अ.कर समायोजनको प्रमाण संलग्न नगरी फिर्ता गरेकोले सोको प्रमाण पेश हुनुपर्ने रु...<br><table><tr><th>सि.नं.</th><th>निर्माण व्यवासायीको नाम</th><th>धरौटी फिर्ता रकम</th></tr><tr><td>१</td><td>सतासी निर्माण सेवा</td><td>९५८६००</td></tr><tr><td>२</td><td>समता।नेपाल।पूर्वाधार जेभि</td><td>१२९४०६</td></tr><tr><td></td><td>जम्मा</td><td>१०८८००६</td></tr></table></td><td>१,०८८,००६</td></tr>
<tr><td>१३.३</td><td></td><td></td><td>धरौटी विवरणः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६ (२) मा उपनियम (१) बमोजिम धरौटी रकम फिर्ता पाउने व्यक्तिले धरौटी रकम फिर्ता लिन पाउने म्याद प्रचलित कानूनले तोकेको भएमा सोही अवधिभित्र म्याद नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो कामसम्बन्धि कारवाही अन्तिम रुपमा समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम फिर्ता लिन नआएमा नियम ६७ बमोजिमको कार्यविधि अपनाई कार्यालय प्रमुखले राजश्वमा आम्दानी बांध्नु पर्ने व्यवस्था छ । कार्यालयको संघिय धरौटी खातामा मौज्दात रहेको रु.६२,६०,९४५.५९ जिम्मेवारी सारेकोमा प्रयोजन सकिएको धरौटी रकम नियमावली अनुसार सदरस्याहा गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **कानून निर्माण एवं कार्यान्वयन** | |
| १४.१ | | | कानून निर्माणको अवस्थाः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ८ वटा ऐन, १३ वटा नियमावली, कार्यविधि तथा निर्देशिकाहरु जम्मा २१ कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । पालिकाले १५ वटा कानून वेभसाइट मार्फत राजपत्रमा उल्लेख गरेको छ भने बाँकी ६ वटा कानूनहरु राजपत्रमा उल्लेख नगरी कार्यान्वयनमा ल्याएको छ । सबै कानूनहरु स्वीकृत भएपछि राजपत्रमा उल्लखे गरेरमात्र कार्यान्वयनमा ल्याउनुपर्दछ । | |
| १४.२ | | | न्यायिक समिति — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्षको १७ वटा यो बर्ष १५ वटा दर्ता भएकोमा ३१ वटा फछ्र्यौट भइ १ वटा फर्स्योट हुन बाँकी छ । | |
| १५ | | | **शिक्षा** | |
| १५.१ | | | अनुगमन मूल्यांकन कार्यक्रमः कार्यान्वयन पुस्तिका २०७८।७९ मा सामुदायिक विद्यालयलाई निकासा दिएको अनुदान रकम विद्यालयले तोकिएको कार्यमा खर्च भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाले सामुदायिक विद्यालय अनुगमन गर्न मापदण्ड तयार गरेको पाईएन । मापदण्ड तयार गरी सोही बमोजिम अनुदान रकम तोकिएको कार्यमा खर्च भएको, दोहोरो निकासा भए नभएको सम्बन्धमा सुनिश्चित गर्ने तर्फ ध्यान पुऱ्याउन जरुरी देखिन्छ । | |
| १५.२ | | | संस्थागत विद्यालयः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत सामुदायि, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति सञ्चालन, व्यवस्थापन तथा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नियमन सम्बन्धि व्यवस्था गरेको छ । गाउँपालिकाबाट अनुमति लिइ सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुको व्यवस्थापन र अनुगमन सम्बन्धमा मापदण्ड निर्धारण गरेको देखिएन । संस्थागत विद्यालयको शुल्क निर्धारण तोकिए बमोजिम गरे नगरेको सम्बन्धमा अनुगमन गरेको विवरण पेश भएन । गाउँपालिकाले आफु मातहत सञ्चालित सामुदायिक तथा संस्थागत विधालयको नियमित अनुगमन तथा सुपरीवेक्षण गरी शैक्षिक गुणस्तर बृद्धिमा ध्यान दिनु पर्दछ । | |
| १५.३ | | | सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापनको लागि पालिकाले मापदण्ड बनाएको पाइएन । पालिकाको शिक्षा शाखा द्वारा सामुदायीक विद्यालयहरुको आंशीक रुपमा अनुगमन गरेको भएकोता पनि सो को प्रतिवेदन तयार गरेको देखिएन । तसर्थ पालिकाले विद्यालयहरुको नियमित अनुगमन तथा मुल्याङ्कन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । | |
| १५.४ | | | कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार सामुदायीक विद्यालयहरुको कार्यालयले निकासा दोहोरो परे नपरेको शैक्षिक गुणस्तरको अवस्था मापदण्ड निर्धारण गरी सोही बमोजिम अनुगमन गर्नुपर्दछ । पालिकाको सो व्यवस्था बमोजिम अनुगमन तथा प्रतिवेदन तयार गरेको पाइएन । | |
| १६ | | | **आयोजना बैंक**<br><br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, बार्षिक, रणनीतिगत बिषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने, त्यस्ता योजना संघीय सरकार र प्रदेश सरकारका योजना अनुकूल हुनुपर्ने विभिन्न अन्तरसम्बन्धित विषयलाई ध्यान दिई योजना तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ । योजना बनाउदा आर्थिक विकास र गरिबी निवारण प्रत्यक्ष योगदान पुग्ने उत्पादन मुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तरमा आम्दानी र रोजगार बढ्ने, स्थानीय स्तरका जनताको सहभागिता जुट्ने, स्वयम् परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, पिछडिएको वर्ग र समुदायलाई प्रत्यक्ष लाभ हुने योजना सञ्चालन गनुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले आवधिक योजना बनाई कार्यान्वयनमा ल्याएको पाइएन । स्थानीय आवधिक योजना र आयोजना बैंकको अवधारणा कार्यान्वयन गरी आयोजना छनौट र आयोजना व्यवस्थापनमा प्रभावकारिता ल्याउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **सम्पत्ति उपयोग र संरक्षण** | |
| १७.१ | | | सार्वजनिक जग्गा र सम्पत्तिको अभिलेखः स्थानीय सरकार संचालन ऐन २०७४, को परिच्छेद ३ दफा ११ मा गाउँपालिकाको काम, कर्तव्य र अधिकारको व्यस्था बमोजिम गाउँपालिकाले सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख राखि अद्यावधिक गर्नुपर्ने, सम्पत्तिको संरक्षण र उपयोग नीति मापदण्ड बनाउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख राखेको, सम्पत्तिको संरक्षण र उपयोग नीति र मापदण्ड बनाएको पाईएन । साथै सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पत्तिको अतिक्रमण भए नभएको सम्बन्धमा अनुगमन हुने गरेको पाइएन । | |
| १७.२ | | | सम्पत्ति हस्तान्तरण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| १७.३ | | | जिन्सी निरीक्षण प्रतिवेदनः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९९ मा कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक जिन्सी निरीक्षण गरी वा अन्य कर्मचारी वा प्राविधिक द्धारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लेखी वा लिई राख्ने व्यवस्था गर्नुपर्ने व्यवस्था छ । कार्यालयले जिन्सी निरीक्षण फारम लेखापरीक्षणको क्रममा पेश गरेपनी नियमावलीमा व्यवस्था भए बमोजिम जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेहो छैन । जिन्सी निरीक्षण प्रतिवेदन तयार नगर्दा जिन्सी मालसामानको अवस्था यकिन नहुने हुनाले नियमावलीमा व्यवस्था भए बमोजिम जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गर्ने व्यवस्था गर्न पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७.४ | | | जग्गा उपयोग मापदण्ड — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम सम्वेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधिनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था छ । यस पालिकाले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन । स्थानीय तहले आफ्नो सबै क्षेत्र वा कुनै क्षेत्र तोकी त्यस्तो क्षेत्रमा बन्ने भवनहरुको लागि जग्गा तथा भवनको प्रकृति, समान ढाँचाको नमूना नक्सा तयार गर्न र सेवाग्राहीको लागि आफ्ना प्राविधिक कर्मचारीबाट नक्सा तयार गराई निःशुल्क उपलव्ध गराउने व्यवस्था रहेकोमा कार्यान्वयन भएको देखिएन । जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोकी जग्गा तथा भवनको प्रकृतिबमोजिम नक्सा तयार तथा स्वीकृतिको व्यवस्था अपनाउनु पर्दछ ।<br>भवन निर्माणको सुपरीवेक्षण - भवन ऐन, २०५५ को दफा १३ को उपदफा (१) मा कुनै व्यक्ति, संस्था वा सरकारी निकायले भवन संहितामा तोकिएको स्तर अनुरुप भवन निर्माण गरे नगरेको सम्बन्धमा गाउँपालिका क्षेत्र भित्रका हकमा गाउँपालिकाले सुपरीवेक्षण गर्न सक्ने र उपदफा (२) मा त्यसरी सुपरीवेक्षण गर्दा गाउँपालिकाले कुनै भवन निर्माण भवन संहितामा तोकिएको स्तर अनुरुप नभएको पाएमा भवन निर्माण गर्ने सम्बन्धित व्यक्ति, संस्था वा सरकारी निकायलाई आवश्यक निर्देशन दिन सक्ने र त्यस्तो निर्देशन पालना गर्ने सम्बन्धित व्यक्ति, संस्था वा सरकारी निकायको कर्तव्य हुने उल्लेख छ । गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माणाधिन भवनको निर्माणको सुपरीवेक्षण गर्ने गरेको देखिएन । | |
| १७.५ | | | जिन्सी खाता गाउँपालकाबाट खरिद भएका खर्च नहुने सामानहरु वडा कार्यालय तथा विषयगत शाखाहरुलाई हस्तान्तरण गरेको भनि मुल जिन्सी खाताबाट खर्च जनाउने गरेको देखियो ।वडा कार्यालय तथा विषयगत शाखाहरु छुट्टै अस्तित्वका कार्यालय नभएकोले गाउँपालिका कार्यालयमा नै एकिकृत जिन्सी खाता राख्नुपर्दछ । ति सामानहरुको विवरण सम्बन्धित वडा कार्यालय र विषयगत शाखाहरुबाट प्राप्त गरी जिन्सी आम्दानी जनाउनुपर्दछ । वडा कार्यालय, विषयगत शाखाहरु र कर्मचारीले प्राप्त गरेका खर्च नहुने प्रकृतिका सामानहरुको सहायक जिन्सी खाता राखी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१८</td><td></td><td></td><td>साना / टुक्रे योजना छनौट र कार्यान्वयन-<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउदा सहभागीतामुलक,उत्पादनमुलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजनाछनौट गरि प्राथमिकीकरण गर्नु पर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बाषिर्क योजना २०७८।७९ अनुसार पालिकाले स्वीकृत गरेका अधिकाशं योजना वडागत रुपमा बनाइएका तथा न्युन बजेट भएका र लागत प्रभावी हुने किसिमले सञ्चालन गरेको पाइएन । पालिकाले यस बर्ष सञ्चालन गरेको योजनाको संख्या देहाय अनुसार रहेको छ ।<br>
<table>
<tr><td>रु १ लाख सम्म</td><td>रु १ लाख देखि २ लाख सम्म</td><td>रु २ लाख देखि ५ लाख सम्म</td><td>रु ५ लाख देखि १० लाख सम्म</td><td>रु १० लाख बढीका</td><td>जम्मा</td></tr>
<tr><td>५९</td><td>२९</td><td>६०</td><td>११</td><td>८</td><td>१६७</td></tr>
</table>
<br>उल्लिखित विवरण अनुसार गाउँपालिकाले यस बर्ष रु १ लाख भन्दामुनीका ५९ वटा योजना र १० लाखभन्दा माथिका १०८ वटा मात्र योजना रहेका छन् । त्यसैले साना रकमका धेरै योजना सञ्चालन गर्दा कार्यालयका जनशति बर्षैभरी योजना व्यवस्थापन खटिनु पर्ने, सञ्चालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली</td><td></td></tr>
<tr><td>१९.१</td><td></td><td></td><td>:स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • आर्थिक सहायता र औषधी उपचारको रकम वितरण गर्दा सो सम्बन्धि कार्यविधि बनाएर मात्र गर्नु पर्नेमा गरेको देखिएनवडाहरु र गाउपालिकाका एकै प्रकृतिका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा ( विउ विजन खरीद ,पाडा सुगुर, गाइ खरीद,कृषि सामान खरिद , सोलार खरिद, फर्निचर खरिद र सडक पुर्वाधार) विभिन्न अनुगमनकारी निकायका निर्देशन परिपत्र र प्रतिवेदन अनुसार एकीकृत प्याकेज बनाई मितव्ययी, प्रतिस्पर्धी र दक्षतापूर्ण ढङ्गबाट कार्यान्वयन गर्नुपर्नेमा सो बमोजिम गरेको देखिएन।<br>• गाउपालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची 14 वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• गाउपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाउपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाउपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• गाउपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखि रहेको पाईयो।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी गाउपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २053 को नियम 6 क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको छैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कार्यालयले उद्देश्य प्रासिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सोअनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन 2049 वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • निजामती सेवा ऐन, 2049 को दफा 7 ख 2 बमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाईयो ।<br>• पालिकाले विभिन्न विद्यालयमा रकम निकासा गर्दा विद्यालयगत निकासा प्रष्ट देखिने गरी खाता राखेको देखिएन ।<br><br>तसर्थ गाउपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १९.२ | | | बेरुजु लगतः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ८८ मा कार्यालयले वेरुजुको लगत राख्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा सरकारी कार्यालयको बेरुजु लगत राख्न म.ले.प. फा.नं. ८०१ देखि ८०५ सम्म तपसिलको फारमहरुको व्यवस्था रहेकोमा पालिकाले तोकिएको ढाँचामा बेरुजु लगत अद्यावधिक गरेको पाईएन । नियमको व्यवस्थाको पालना गरि लगत अद्यावधिक गर्नुपर्दछ ।<br>म. ले. प. फाराम ८०१ — बेरुजु लगत<br>म. ले. प. फाराम ८०२ — बेरुजुको कार्यालयगत प्रतिवेदन<br>म. ले. प. फाराम ८०३ — बेरुजुको केन्द्रिय कार्यालयगत लगत<br>म. ले. प. फाराम ८०४ — बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन<br>म. ले. प. फाराम ८०५ — सम्परीक्षण गोश्वारा अभिलेख खाता | |
| १९.३ | | | पालिकाअन्तर्गत प्रयोग भएका सफ्टवेयरहरुको सूचना प्रविधी नियन्त्रण वातावरणका सम्बन्धमा परीक्षण गर्दा देहायअनुसारको अवस्था देखियो - | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नदेखिएको र कार्यालयको नियन्त्रणमा रहेको पाइएन ।<br>• म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम सूचना प्रविधी पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल कार्यान्वयन गरेको पाइएन ।<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन।<br>• सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था भएको देखिएन । | |
| १९.४ | | | सवारी साधन मर्मत : सावारी सञ्चालन तथा मर्मत कार्यका लागि लगबुक तथा मर्मत अभिलेख कायम गर्नुपर्ने व्यवस्था अनुसार पालिकाले म ले प फारम प्रयोग गरी व्यवस्थापन गर्नुपर्ने सम्वन्धमा निम्न व्यहोरा देखिएका छन् ।<br>• पालिकाले सवारी साधन मर्मत, ईन्धन खपतको अवस्था जस्त व्यहोरा खुल्नेगरी म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राख्नुपर्दछ । लेखापरीक्षणको क्रममा परीक्षण गर्दा लगबुक राखेको देखिएपनि समय क्रम अनुसारको अभिलेक दुरुस्त हुनेगरी अध्यावधिक गरेको पाइएन । सवारी साधनको वास्तविक अवस्था खुल्ने गरी म. ले. प. फाराम ९०५ अध्यावधिक गर्नु पर्दछ ।<br>• पालिकाले सावारी साधन तथा मेशिनरी मर्मत गर्दा म. ले. प. फाराम ९०६ बमोजिमको मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले पालिकले पालिकाले सावारी साधन तथा मेशिनरी मर्मतमा खर्च गरेको सवै किसिमको मर्मतको अवश्था देखिनेगरी मर्मत अभिलेख राखेको छैन । यसवाट यस्ता साधन विस्थापित तथा लिलाम गर्दा साथै | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | वित्तिय विवरणमा वास्तविक मुल्य लेखाङ्कन गर्न समस्या हुने देखिन्छ । यस्तो अशर उत्पन्न नहुने गरी सुधार गर्नुपर्दछ । | |
| १९.५ | | | अनुगमन तथा मूल्याङ्कन र भ्रमण भत्ता खर्चः भ्रमण खर्च नियमावली २०६४ मा कुनै कर्मचारीलाई भ्रमणमा खटाउँदा भ्रमणको उद्देश्य उल्लेख गर्नुपर्ने,भ्रमणबाट फर्केपछी उद्देश्य अनुरुप कार्यसम्पादन गरेको प्रमाणित हुने कागजात सहित भ्रमणको उपलब्धी समेत उल्लेख गरी भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने र भ्रमण गर्ने कर्मचारीको अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने व्यवस्था छ । कार्यालयको भ्रमण अभिलेख व्यवस्थित नरहेको देखिन्छ । साथै भ्रमणमा खटाउने पदाधिकारीले विश्वश्रीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । त्यस गाँउपालिका कार्यालयले यो वर्ष अनुगमन तथा मूल्याङ्कन र भ्रमण खर्च शिर्षकमा जम्मा रु.२४९८७८०।- खर्च लेखेको देखियो । भ्रमण कागजात परीक्षण गर्दा अधिकांश भ्रमणको उदेश्य कार्यालयको कामकाज उल्लेख भएको देखिन्छ ।कार्यालयलाई पत्र आएको तथा कार्यालयले पत्राचार गरी तथा कार्यालयको औचित्यपूर्ण काममा भ्रमण खर्च हुनुपर्दछ। | |
| २० | | | **आर्थिक सहायता र अन्य विविध खर्च** | |
| २०.१ | | | अन्य सामाजिक सुरक्षाः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । गाउँपालिकाले यस बर्ष कानून तथा कार्यविधि तयार नगरी विभिन्न दीर्घरोगी उपचार तथा दैवी प्रकोप पीडित लगायतलाई यस आर्थिक वर्षमा अन्य सामाजिक सुरक्षा शिर्षकबाट रु ११,९७,००० आर्थिक सहायता वितरण गरेको देखिन्छ । यस्तो खर्चको मापदण्ड वनाई मितव्ययिता कायम गर्नुपर्दछ । | |
| २०.२ | | | विविध खर्च — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ ।महालेखा नियनन्त्रकको कार्यालयले जारी गरेको खर्च संकेतको वर्गीकरण व्याख्या अनुसार विविध खर्चबाट स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, चियापान र भोजहरु सम्बन्धी | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | खर्च कार्यालय सुरक्षा सम्बन्धी आवश्यक खर्च र यस्ता कुनै खर्च शिर्षकमा नपरेका नियमानुसार गर्नुपर्ने विविध खर्च मात्र यस खर्च शिर्षकबाट लेखाङ्कन गर्न मिल्दछ । यस गाँउपालिकाले यो वर्ष खाना, खाजा लगायतका कार्यमा मात्र रु. ४६,७६,६५०।-खर्च गरेको छ । उक्त खर्च के कुन कार्यक्रम सँग सम्बन्धित हो खुलाउने गरेको छैन ।पुष्टी हुने उपस्थिति लगायतका प्रमाण संलग्न गर्नुपर्दछ । यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ । | |
| २१ | | | **राजस्व आन्तरिक नियन्त्रण** | |
| २१.१ | | | राजश्व लगत नराखेको, आम्दानी रसिद फिर्ता नआएको र घटी राजस्व संकलन तथा दाखिलाः आर्थिक कार्यविधि नियमावली २०७७ को नियम १५ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम १० बमोजिम लगती तथा हसबली राजस्वको लेखा रहे नरहेको यकिन गर्नुपर्ने उल्लेख छ। कार्यालय प्रमुखले निरिक्षण गरी संकलन भएको राजस्व रकम र उठन बाँकी राजस्व रकमको लगत तयार गरी लेखा अद्यावधिक गरी राख्न लगाउनुपर्दछ। पालिकाले उठ्न बाँकी राजस्व रकमको अभिलेख राखेको पाइएन्। लेखापरीक्षणको क्रममा जिन्सी श्रेस्ता तथा उपलब्ध नगदी रसिदको परिक्षण गर्दा के कति असुली हुनुपर्ने हो के कति रकम असूली भएको हो र के कति रकम दाखिला भएको हो यकिन हुन सकेन। साथै, वडा कार्यालयबाट उठनुपर्ने सिफारिस दस्तुरहरु सिफारिस गरिएको संख्यासँग भिडान गर्दा उठेको पाइएन। तसर्थ, पालिकाले काटिएका तर पालिकामा नबुझाइएका नगदी रसिद फिर्ता लिई उठाएको राजस्व यकिन गरी तथा वडा कार्यालयको अभिलेखको परीक्षण समेत गरी नउठेको राजस्व यकिन गरी सम्बन्धितबाट असुल गरी दाखिला गराउनुपर्दछ। | |
| २१.२ | | | आयः यस वर्ष गाउँपालिकाले कुल रु २ करोड ३५ लाख २४ हजार आन्तरिक आम्दानी गरेको अवस्था छ । वजेट लक्ष्य धेरै राख्ने तर आम्दानी हासिल गर्ने तर्फ ध्यान नदिइ राजस्व बुझाउन आएका करदाताको रकम मात्र प्राप्त गरेकोले लक्ष्य हासिल भएको छैन । पेश गरेको विवरण अनुसार कम राजस्व उठेको विवरण देहाय अनुसार छ । अपेक्षित राजश्वको तुलनामा कम मात्रामा राजश्व उठ्नु उचित देखिएन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>राजस्वसंकेत</td><td>आम्दानी शीर्षक</td><td>अनुमान</td><td>कुल आम्दानी</td></tr>
<tr><td>११३१३</td><td>एकीकृत सम्पती कर</td><td>१५,००,०००</td><td>८,६८,२११.२५</td></tr>
<tr><td>११३२१</td><td>घरवहाल कर</td><td>५,००,०००.००</td><td>४,५४,५७३.३४</td></tr>
<tr><td>११३१४</td><td>भुमिकर/मालपोत</td><td>७५,००,०००.००</td><td>२३,२०,१५२.५५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२१.३</td><td></td><td></td><td>आन्तरिक आम्दानी तर्फः नेपालको संविधानको धारा २३० बमोजिम गाउँपालिकाले आर्थिक ऐन, २०७८ लागू गरेको भएतापनि सोही अनुरुप निर्धारित दरमा शुल्क तथा कर रकम नियमित रुपमा असुल गर्ने गरेको पाइएन ।<br>क) गाउँपालिका क्षेत्रमा रहेका विभिन्न व्यापार व्यवसाय, परामर्शदाता लगायतका सबै निकाय, बैंक वित्तीय संस्था, अन्य सघं सस्था आदिलाई अनिवार्य दर्ता गराउने, नवीकरण गर्ने तथा निर्धारित वार्षिक कर दस्तुर समेत असुल गर्ने कार्य प्रभावकारी रुपमा भए गरेको पाइएन ।<br><br>ख) मनोरञ्जन कर वापत कुनैपनि रकम असुल गरेको पाइएन । गाउँपालिका क्षेत्रमा रहेका सिनेमा घर ।<br><br>तथा चलचित्र भवन तथा होटल दर्ता नविकरण तथा वार्षिक कर असुल गरेको पाइएन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ग) विभिन्न सघं संस्थाका घर तथा कार्यालय बहालकर असुल गर्न पूर्व अध्ययन गर्ने तथा कार्यान्वयन प्रभावकारी रुपमा गर्ने तर्फ कार्यालयको विशेष ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । जस्तै पसल तथा विभिन्न कार्यालयहरुको पूर्ण विवरण तयार गर्ने दर्ता तथा नविकरण अद्यावधिक गर्ने प्रति वर्ग फिटमा स्थान अनुसार बहालदर निर्धारण गरी असुल गर्नुपर्दछ । | |
| २१.४ | | | आन्तरिक आयको अभिलेखः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ (५) ले राजश्वको लगत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, बित्तिय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• मासिक राजस्वको फाँटवारी तयार नगरेको ।<br>• राजस्वको बैंक हिसाब मिलान विवरण मलेप 109 तयार नगरेको ।<br>• राजस्व समयमा दाखिला नगरेको ।<br>• प्रत्येक वडा कार्यालयले संकलन र दाखिला गरेको आन्तरिक आयको हिसाब लिई भिडान नगरेको ।<br>• वडा कार्यालयले दाखिला गरेको आधारमा मात्र संचित कोषमा आम्दानी बाध्ने गरेको ।<br><br>रसिद नम्वर र वैक भौचरलाई दैनिक आम्दानी रजिष्टरमा पोष्टिङ नगरि वैकमा आम्दानी भएको र राजश्व असुल गर्ने व्यक्तिले जम्मा गर्न ल्याएको आधारमा आम्दानी भयो भनि एकिन गर्न सक्ने अवस्था रहेन । | |
| २२ | | | **ठेक्का अभिलेख**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मा निर्माण कार्यको अभिलेखांकनका लागि महालेखा परीक्षकबाट स्वीकृत म.ले.प.फा.नं.५०७ अनुसारको अभिलेख राख्नुपर्ने व्यवस्था छ । उक्त अभिलेखबाट गर्नुपर्ने कूल काम, हालसम्म भएको काम तथा बांकी कामको अवस्था, कार्यसम्पादन जमानत, पेश्की लिन पेश गरेको बैक जमानतको मान्य अवधिको अवस्था, खरिद सम्झौताको म्याद थपको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन लगायतको जानकारी देखिने गरी अभिलेख तयार गरी अद्यावधिक गर्नुपर्नेमा यस कार्यालयले सो अनुसारको अभिलेख राखेको पाइएन । अतः स्वीकृत ढांचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख तयार गरी अद्यावधिक राख्नुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **पेश्की व्यवस्थापन** | |
| २३.१ | | | **पेश्की बाँकीः** सरकारी कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्की रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा कार्यालय प्रमुखले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नाम नामेसी सहति के के बापत पेश्की गएको हो सो समेत खुलाई जिम्मेवारी अर्को आर्थिक बर्षमा सारी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । सुत्रमा अभिलेख भएको फछ्र्यौट गर्न बाँकी पेश्कीको मास्केबारी (म.ले.प.फा.नं.२११) तथा खर्चको फाँटवारी (म.ले.प.फा.नं.२१०) अनुसार वर्षान्तमा फछ्र्यौट नभएकाले नियमानुसार फछ्र्यौट हुनुपर्ने देखिन्छ । | १२,६४५,५४७ |

| पेश्की पाउनेको नाम | पेश्कीको प्रयोजन | पेश्की रकम |
|---|---|---|
| कमल दाहाल | मसलन्द तथा कार्यालय सामाग्री | १०,०००.०० |
| रविन कुमार पोखरेल | पानी तथा बिजुली | १०,०००.०० |
| पुण्य प्रसाद आचार्य | ७ गर्भवती महिलालाई VIDEO-X-ray | ५०० |
| अमृत पाठक | संचार महसुल | २,०००.०० |
| भगीरथ शाह | ७ गर्भवती महिलालाई VIDEO-X-ray | ५०० |
| रविन कुमार पोखरेल | संचार महसुल | २,०००.०० |
| शम्भु प्रसाद आचार्य | इन्धन (कार्यालय प्रयोजन) | ६,०००.०० |
| शम्भु प्रसाद आचार्य | कर्मचारीको बैठक भत्ता | ८,०००.०० |
| शम्भु प्रसाद आचार्य | पानी तथा बिजुली | ६,०००.०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>शम्भु प्रसाद आचार्य</td><td>मसलन्द तथा कार्यालय सामाग्री</td><td>१६,०००.००</td></tr>
<tr><td>शम्भु प्रसाद आचार्य</td><td>विविध खर्च</td><td>६७,०००.००</td></tr>
<tr><td>शम्भु प्रसाद आचार्य</td><td>संचार महसुल</td><td>४,०००.००</td></tr>
<tr><td>शम्भु प्रसाद आचार्य</td><td>सवारी साधन मर्मत खर्च</td><td>८,०००.००</td></tr>
<tr><td>शम्भु प्रसाद आचार्य</td><td>बुद्ध जयन्ती÷साकेला पर्व/ क्रिसमस पर्व/ लाखे पर्व ल्होसार पर्व / महरम पर्व/होली मिलन र सन्थाल जातीको विष खेल कार्यक्रम</td><td>२५,०००.००</td></tr>
<tr><td>शम्भु प्रसाद आचार्य</td><td>३ स्वास्थ्य विमा कार्यक्रम</td><td>५०,०००.००</td></tr>
<tr><td>शम्भु प्रसाद आचार्य</td><td>दायो ३ पिछडा वर्गका महिलाहरुका लागि उद्घोषण तालिम ।</td><td>५०,०००.००</td></tr>
<tr><td>शम्भु प्रसाद आचार्य</td><td>ज्येष्ठ नागरिकहरुका लागि तीर्थयात्रा ।</td><td>१,००,०००.००</td></tr>
<tr><td>शम्भु प्रसाद आचार्य</td><td>बुद्ध जयन्ती÷साकेला पर्व/ क्रिसमस पर्व/ लाखे पर्व ल्होसार पर्व / महरम पर्व/होली मिलन र सन्थाल जातीको विष खेल कार्यक्रम</td><td>२५,०००.००</td></tr>
<tr><td>सुनकोसी । एभरग्रीन जे.भी.</td><td>समपुरक कोष निर्धारित कार्यक्रम तर्फ</td><td>२६,००,०००.००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>टि.बि.एस. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.</td><td>जनविकास प्रस्तावित मा.वि.</td><td>११,२०,०००.००</td></tr>
<tr><td>गाल्वा—समता—नेपाल पूर्वाधार जे.भी.</td><td>वडा कार्यालय भवन निर्माण ( वडा नं ३ ,४,५,६,७)</td><td>६२,३०,५४७.००</td></tr>
<tr><td>सन्देश मिडिया प्रोडक्सन</td><td>२१ "वडाको विकास निर्माण तथा पर्याप्रर्यटन पुर्वाधार प्रचार प्रचार गर्न "</td><td>४५,०००.००</td></tr>
<tr><td>टि.बि.एस. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.</td><td>समपुरक कोष निर्धारित कार्यक्रम तर्फ</td><td>७,५०,०००.००</td></tr>
<tr><td>सतासी निर्माण सेवा</td><td>१ पर्यटन विकासतर्फ</td><td>१५,००,०००.००</td></tr>
<tr><td>संजिव मेचे</td><td>पानी तथा बिजुली</td><td>१०,०००.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२३.२</td><td></td><td></td><td>आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४८ बमोजिम दैनिक तथा भ्रमण भत्ता पेश्की भुक्तानी गर्दा तोकिए बमोजिम लाग्ने रकम यकिन नभएको र कार्यालयमा फर्किएको १५ दिन भित्रमा पेश्की पुरै फस्यौंट नगरेको ।</td><td></td></tr>
<tr><td>२३.३</td><td></td><td></td><td>आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४९ बमोजिम सामान खरिदका लागि पेश्की दिँदा लाग्ने रकम अनुमान गरी मात्र पेश्की उलब्ध गराउनुपर्नेमा सो अनुसार नगरी एकपुष्ट रुपमा पेश्की दिने र २१ दिन भित्र फस्यौंट हुने गरेको पाइएन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **कर्मचारी प्रोत्साहन भत्ताः**<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने,दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन , संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कनून बमोजिम हुने अवस्था छ। त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र विदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नर्मस स्वीकृत गराई मात्र खाजा र खाना वापतको रकम भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । कार्यालयले यस बर्ष प्रोत्साहन भत्तामा रु१६९७५१५ खर्च गरेको देखिन्छ । आन्तरिक आय न्यून भएको अवस्थामा पनि प्रोत्साहन भत्ता उपलब्ध गराएकोले नियमित मान्न सकिएन रु | १,६९७,५१५ |
| २५ | | | **ईन्धन खर्चः**<br><br>गाँउपालिकाले इन्धन कार्यालय प्रयोजन तर्फ (वडा समेत) रु ११,२६,४९५ र इन्धन पदाधिकारीमा रु १०,९९,८५० गरी कूल इन्धन खर्च रु.२२२६३४५।- खर्च गरेको देखिन्छ । कुन सवारी साधनमा वर्षभरीमा के कति ईन्धन कून कार्यालय प्रयोजनमा खपत भएको हो खर्चको आधार प्रष्ट नभएको देखिन्छ। गाँउपालिकाको कार्यक्षेत्रमा मात्र उक्त इन्धन खपत हुने स्थिति नदेखिएकोले इन्धन सुविधा सम्बन्धमा मापदण्ड बनाइ खर्च नियन्त्रण गर्नुपर्ने देखिन्छ। | |
| २६ | | | **मसलन्द तथा कार्यालय सामाग्री खर्चः**<br><br>सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुलेसमेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले मसलन्द तथा कार्यालय सामग्री खर्च शिषर्कमा यस वर्ष रु. ४४,००,००० खर्च गरेको छ । कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो। सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>भरपाइ पेश नभएकोः<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ । तपशिल अनुसारको सामाग्री वितरण तथा हस्तान्तरण भएको देखिएन । उक्त सामाग्रीहरु कार्यालय उदेश्य अनुरुप प्रयोग भए नभएको यकिन हुन नसकेकोले प्रमाण पेश गर्नुपर्न रु.<br><br>
<table>
<tr><th>गो. भौ. नं.</th><th>विवरण</th><th>भुक्तानी लिने</th><th>रकम</th></tr>
<tr><td>६१८</td><td>राजगढ बजार भित्र जिम सामाग्री खरिद शिर्षकबाट भुक्तानी गरेको देखिन्छ विल भर्पाई लगायतका कागजात पेश हुनुपर्ने</td><td>जय माता दि स्टोर</td><td>१६५०००</td></tr>
<tr><td>१६४</td><td>जनविकास माविमा अध्ययनरत छात्रा र छात्रका लागि छात्रवृती सहित विद्यालय पोषाक वितरण कार्यको लागि भुक्तानी दिदा वितरण भर्पाई संलग्न हुनुपर्ने</td><td>न्यू सिंदुर साडी सेन्टर</td><td>२२६९४६</td></tr>
</table></td><td>४४१,९४६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | २५६ \| महली परिवारलाई आर्थिक सहयोग वापतको ढाकी बनाउने महली परिवारलाई जीविको पार्जन गर्न अनुदान स्वरुप रु ५००० का दरले १० घर परिवारलाई उपलब्ध गराएको अनुदान रकमको वितरण भर्पाई पेश हुनुपर्ने \| कार्यपालिका सदस्य अमित राजवंशी \| ५०००० | |
| २८ | | | **सभा सञ्चालन खर्चः**<br><br>गाँउपालिकाले सभा सञ्चालनमा रु.२९७९५०।—खर्च गरेको देखिन्छ।यसरी गाँउपालिकाले सभा सञ्चालन गर्दा खर्चमा मितव्ययिता कायम नगरेको देखिन्छ। कार्यालयले सभा संचालन गर्दा खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ। | |
| २९ | | | **वडा संचालन खर्च :**<br><br>सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुंदा नं.38 मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । गाँउसभाले प्रतिवडा रु३४६००० का दरले सबै वडामा गरी रु२४२२००० विनियोजन गरेकोमा वडा संचालन खर्चको श्रेस्ता परिक्षण गर्दा सम्बन्धित आपूर्तकलाई सोझै भुक्तानी नगरेको, दाखिला प्रतिवेदनमा जिन्सी खाता पाना नम्बर उल्लेख नगरेको तथा चिया खाजामा स्पष्ट मापदण्ड बनाइ मितव्ययी तवरले खर्च गरेको नदेखिएको साथै वडा कार्यालयको खर्चमा एकरुपता नदेखिने तथा गाउँपालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ । | |
| ३० | | | **मर्मत खर्चः**<br><br>त्यस गाँउपालिकामा १ स्कर्पियो, १ व्याकलोडर, २० मोटरसाइकल र १ स्कुटर लगायत अन्य स्थिर सम्पतिहरु रहेको छ । यो वर्ष मेशिनरी, सवारी साधन मर्मत र निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार शिर्षकका साथै मेशिनरी तथा औजार | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>मर्मत सम्भार/सञ्चालन खर्चमा रु ३२८६९६२ खर्च लेखेको देखिन्छ । अधिकाशं खर्च गाडी र मोटरसाइकलमा मर्मतमा खर्च गरेको देखिन्छ । महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा मर्मत सम्बन्धी अभिलेख नराखेकोले कुन कुन सवारीसाधन/मोटरसाइकल/प्रिन्टर/इन्भटर लगायत कार्यालयको जिन्सी मर्मत गरिएको हो सो एकिन गर्न सकिएन । गाडी र मोटसाइकल सङख्याको आधारमा मर्मत खर्च अधिक देखिएको छ । मर्मत अभिलेख अनिवार्य रुपमा राखि मर्मत खर्चमा नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>विल भर्पाइ पेश नभएको<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल,भरपाई,प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ । लेखापरीक्षण अविध सम्म वितरण भर्पाइ पेश नभएकोले असूल उपर गर्नुपर्ने
<table>
<tr><th>गो भौ नं</th><th>विवरण</th><th>असूल गर्नुपर्ने रकम</th><th>कैफियत</th></tr>
<tr><td>३०३</td><td>लोपोन्मुख जातीमा वंगुर वितरण कार्यक्रमबाट मेचे समूदायलाई वंगुर वितरण गर्दा २६ वटा वितरण गर्नुपर्नेमा २४ वटा मात्र वितरण गरेकोले असूल उपर हुनुपर्ने</td><td>७७००</td><td></td></tr>
<tr><td>८८०</td><td>५ नं वडा कार्यालयका वडा सचिव पुण्य प्रसाद आचार्यले विविध खर्चमा अग्रिम आयकर रु १३८० र कर्मचारी वैठक भत्तामा पारिश्रमिक आयकर वापत रु १२०० गरि कूल रु २५८० असूल उपर गर्नुपर्ने</td><td>२५८०</td><td></td></tr>
</table></td><td>१०,२८०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३२</td><td></td><td></td><td>अनुगमन भत्ताः<br><br>गाँउ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ को अनुसूची १ (क) मा गाउँपालिका अध्यक्षले रु. १००००/-, उपाध्यक्षले रु. १००००/-, वडाध्यक्षले रु. ४०००/- र कार्यपालिका सदस्यले रु. २०००/- मासिक अनुगमन भत्ता पाउने व्यवस्था छ ।अनुगमन भत्ता भुक्तानी लिंदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था रहेकोमा नमूना छनौट गरी परीक्षण गर्दा अनुगमन भत्ता लिने पदाधिकारीले ऐनले तोके बमोजिमको मासिक अनुगमन प्रतिवेदन पेश नगरेको भएतापनि अनुगमन वापत एकमुष्ठ भत्ता बुझिलिएकोमा मासिक प्रतिवेदन पेश नभएको रु.<br><br>
<table>
<tr><th>पद</th><th>संख्या</th><th>मासिक अनुगमन भत्ता दर</th><th>वार्षिक अनुगमन भत्ता</th></tr>
<tr><td>गाउँपालिका अध्यक्ष</td><td>१</td><td>१००००</td><td>१२००००</td></tr>
<tr><td>गाउँपालिका उपाध्यक्ष</td><td>१</td><td>१००००</td><td>१२००००</td></tr>
<tr><td>वडा अध्यक्ष</td><td>७</td><td>४०००</td><td>३३६०००</td></tr>
<tr><td>कार्यपालिका सदस्य</td><td>६</td><td>२०००</td><td>१४४०००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>७२००००</td></tr>
</table></td><td>७२०,०००</td></tr>
<tr><td>३३</td><td></td><td></td><td>बढी भुक्तानी<br><br>बढी भुक्तानीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ अनुसार सरकारी रकम भुक्तानी गर्दा वजेट तथा कार्यक्रमको सिमाभित्र रहि त्यस्तो खर्च पुष्टि गर्ने बिल भर्पाई र प्रमाणका आधारमा गर्नुपर्ने व्यवस्था उल्लेख छ। शिक्षा ससर्त तर्फ कक्षा १ देखि ५ सम्मका विद्यार्थीलाई प्रति विद्यार्थी लागतका आधार सिकाई सामाग्रीका</td><td>२४०,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लागि विद्यालयगत निकासा रु १५० का दरले विद्यालयमा निकासा हुनुपर्नेमा विद्यार्थी संख्या बढी राखी भुक्तानी भएकोले सम्बन्धित विद्यालयबाट असूल गरी संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु | |

| क्रस | विद्यालयको नाम | हुनुपर्ने | भएको | बढी संख्या | बढी रकम |
|---|---|---|---|---|---|
| १ | जनता आवि | ८४ | १८४ | १०० | १५००० |
| २ | राधानगर आवि | १३७ | २३७ | १०० | १५००० |
| ३ | पशुपति आवि | १०९ | २०९ | १०० | १५००० |
| ४ | साधुपर्ति आवि | ६५ | १६५ | १०० | १५००० |
| ५ | सन्दकपुर आवि | ६१ | १६१ | १०० | १५००० |
| ६ | जनज्योति आवि | ११५ | २१५ | १०० | १५००० |
| ७ | रामनगर आवि | १०९ | २०९ | १०० | १५००० |
| ८ | भगवति आवि | २५९ | ३५९ | १०० | १५००० |
| ९ | कटरडांगि आवि | १५७ | २५७ | १०० | १५००० |
| १० | घोडामारा आवि | ९७ | १९७ | १०० | १५००० |
| ११ | जनविकास आवि | २०७ | ३०७ | १०० | १५००० |
| १२ | पंचमणि मावि | १२३ | २२३ | १०० | १५००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>१३</td><td>अमृत मावि</td><td>१९७</td><td>२९७</td><td>१००</td><td>१५०००</td></tr>
<tr><td>१४</td><td>गौरीशंकर मावि</td><td>१८३</td><td>२८३</td><td>१००</td><td>१५०००</td></tr>
<tr><td>१५</td><td>पशुपति मावि</td><td>१०६</td><td>२०६</td><td>१००</td><td>१५०००</td></tr>
<tr><td>१६</td><td>फूलबारी मावि</td><td>९८</td><td>१९८</td><td>१००</td><td>१५०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>२४००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३४</td><td>१४६</td><td>२०७९-३-१३</td><td>स्यानिटरी प्याड<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.२३ मा सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापनका लागि प्रति विद्यार्थी अनुदान अन्तर्गत कक्षा ६ देखि १२ सम्मका छात्राहरुलाई प्रति महिनावारी बढीमा २ प्याकेटका दरले विद्यालयले उपलब्ध गराउनुपर्ने र खरिद गरेको स्यानिटरी प्याडको गुणस्तरमा असर नपर्ने गरी सुरक्षित राखुपर्ने व्यवस्था छ । पालिकाले यशोदा फर्मा टेडर्सबाट रु ८४७२७८।०८ कर समेत ११२६४ थान रु ७५.२२ भ्याट बाहेकका दरले खरीद गरि वितरण गरेको छ । यसमा निम्न व्यहोरा देखियो ।<ul><li>स्यानिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ को परिच्छेद ५ दफा १४ मा उपाध्यक्षको संयोजकत्वमा सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समिति रहने र दफा १५ बमोजिमको कार्य गर्नुपर्ने व्यवस्था भएकोमा सो बमोजिम अनुगमन तथा समन्वय भएको पाइएन ।साथै विद्यालयबाट सेनिटरी प्याड वितरणको प्रगति विवरण गरी अभिलेख राखुपर्दछ ।</li><li>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधि भित्रमा समाप्त गरिसक्नुपर्ने व्यवस्था छ । त्यस्तै स्यानिटरी कार्यविधिको दफा</li></ul></td><td>३३,०४३.८५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। कार्यालयले वर्षभरी विद्यार्थीलाई सेवा दिन खरिद गर्ने प्याड आर्थिक वर्षको अन्तमा अर्थात आषाढ १३ मा खरिद गरेकोले लक्षित उद्देश्य पुरा हुने देखिएन ।<br>• **मूअकर दाखिला गर्नुपर्ने**: मू.अ.कर नियमावली २०५३ बमोजिम ठेक्का वा करारको रकम भुक्तानी गर्दा ३० प्रतिशतका दरले मू अ कर कट्टी गरी कार्यालयले सम्बन्धित विक्रेताको नामबाट जम्मा गर्नुपर्ने व्यवस्था छ । यशोदा फर्मा ट्रेडर्स(६०८४१९६१५) को जारी विजक नं २२१।२०७९।३।1 बाट भ्याट रु ११०१४६।१५ भुक्तानी लिएकोमा सोको ३० प्रतिशत मुअकर अग्रिम रुपमा कार्यालयले कट्टी नगरेकोले कर समायोजन पेश हुनुपर्ने रु ३३०४३.८५ | |
| ३५ | २२८ | २०७८-११-२२ | **दोहोरो भुक्तानी**<br>राधानगर आविलाई वडा नं ३ बाट रु२५०००० विनियोजन भई रु२५०००० भुक्तानी भएकोमा विल भरपाई परीक्षण गर्दा वुक कर्नर, शैक्षिक सामाग्री वापत सम्पूर्ण किताबको विजक नं ४९९ को रु६७००५ र विजक नं ५०० बाट रु३१८४९।०५ खरीद गरेको छ । शिक्षा ससर्त तर्फ सोही प्रयोजनका लागि विद्यालयाई रु५७१५० अनुदान निकासा भएको छ । दोहोरो निकासा भएको रकम असूल गरी संचित कोष दाखिला हुनुपर्ने रु | ५७,१५० |
| ३६ | | | **वित्तीय समानिकरण तलब**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ ।तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई रु ५५५०९६० भुक्तानी भएको छ । यसमा वडासमितिबाट समेत निर्णय गरी तलबभत्तामा विद्यालयलाई अनुदान दिने गरिएकोले यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ । | |
| ३७ | | | **पाठ्यपुस्तक अनुदान**<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ क्रियाकलाप ३.१ प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान वापत १६ वटा विद्यालयलाई पाठ्यपुस्तक अनुदान वापत रु ३३,७६,१२१.०० निकासा भएकोमा निम्न व्यहोराहरु देखियो ।<br><br>• IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको सङ्ख्या यकिन गर्नुपर्ने सत्यापन नगरी विद्यालयले पेश गरेको विद्यार्थी विवरणका आधारमा निकासा गरको छ ।<br>• विद्यालयलाई पाठ्यपुस्तक बापतको रकम तेस्रो त्रैमासिकभित्र अनदुान दिने, पहिलो पटकमा विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत सङ्ख्यालाई मात्र अनदुान दिने र शैक्षिक सत्र २०७९ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट अनदुान दिने व्यवस्था गर्ने उल्लेख भएकोमा गाउँपालिकाले २०७९ असार मसान्तमा एकमुस्ट अनुदान निकासा गरेको छ ।<br>• विद्यार्थीले शैक्षिक सत्रको सुरुवात मै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य गाउँपालिकाले गरेको छैन ।<br>• कक्षा ११-१२ को पाठ्यपुस्तक वापत निकासा गरेकोमा खरिदको विल भरपाइ र विद्यार्थिले पाठ्यपुस्तक पाएको भरपाई पेश गर्नुपर्ने रु. | १८२,४९५.५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>विद्यालयको नाम</td><td>रकम</td></tr>
<tr><td>गौरीशंकर मावि</td><td>३९४४६.१</td></tr>
<tr><td>पशुपति मावि</td><td>११८६००.७</td></tr>
<tr><td>फुलवारी मावि</td><td>२४४४८.७</td></tr>
<tr><td>जम्मा</td><td>१८२४९५.५</td></tr>
</table></td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम<br><br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छ । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्था अनुसार पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट गरी सडक निर्माण कार्य गराउने गरी योजना कार्यान्वयन भएका छन् ।यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक, नाला, निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष रु.२८०६५२८ खर्च भएकोमा ज्यालमा गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानीय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानीय तहको बजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा,कार्यान्वयन,अनुगमन र मुल्याङ्कन गर्ने कार्य स्थानीय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकि बेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परिचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्बन्धमा सुधार हुनुपर्दछ ।<br>• नेपाल सरकारले बेरोजगार सुचिकृत श्रमिकहरुलाई कम्तिमा १०० दिन रोजगार दिने लक्ष्य सहित कार्यान्वयनमा ल्याएको प्रधानमनत्री रोजगर कार्यक्रममा यस बर्ष कुल सुचिकृत संख्या ३२९ रहेकोमा जम्मा ८७ जनाले मात्र रोजगार पाएको छ । सरकारको लक्ष्य अनुसार १०० न्युनतम कार्यदिन हुनुपर्नेमा ८७ जनालाई औसत ५५.९ दिन भएकोमा अन्यले रोजगार पाएका छैनन् अत पालिकाले कार्यक्रमको मूल लक्ष्य प्राप्तितर्फ ध्यान दिनुपर्दछ ।<br>• निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि बिशेष व्यवस्था गरेको,दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा दुर्घटना बिमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्बन्धित गाउँपालिका तथा नगरकार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्बन्धमा लाभग्राहि समेतको संलग्नतामा बर्षको एक पटक सार्बजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्वयब गरेको छैन । यसमा सुधार हुनुपर्दछ । | |
| ३९ | | | **कृषि पकेट कार्यक्रम**<br><br>प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुअल (PIM), २०७७ को ४.१.४ मा क्षेत्रफलको मापदण्ड तोकिएको, ४.१.९.१ मा कार्यक्रमको लक्षित समुदाय, वर्ग नियमानुसार दर्ता भएको हुनुपर्ने, ४.१.१२ मा पकेट संचालन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | समन्वय समिति गठन हुनपर्ने र ४.१.१३ मा सार्वजनिक सुनुवाई र प्रगति प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । यस बर्ष कृषि पकेट कार्यक्रम अन्तर्गत देहायका समूहलाई भुक्तानी भएकोमा देहायका व्यहोराहरु देखियो ।<br><table><tr><td>कृषक संस्था</td><td>पकेट क्षेत्र</td><td>भुक्तानी रकम</td></tr><tr><td>साधुकुटी कृषि सहकारी संस्था</td><td>बंगुर पकेट कार्यक्रम</td><td>६०००००</td></tr><tr><td>सालघारी मिश्रित कृषक समूह</td><td>मकै पकेट कार्यक्रम</td><td>६०००००</td></tr><tr><td>हामार कृषक समूह</td><td>मकै पकेट</td><td>५२३८२९</td></tr></table><br>• पकेट कार्यक्रमको लागत सहभागिता बाँडफाँड गर्दा पालिकाले व्यहोर्नुपर्ने रकमको बाँडफाँड भई परियोजना प्रस्तावमा मूल्यको प्रतिशतका दरले व्यहोर्ने गरी बाँडफाँड भएको पाइयो । कृषकहरुले व्यहोर्नुपर्ने अंशको नगद दाखिला नगरी विल भरपाई तथा कार्यसम्पन्न प्रतिवेदनमा योगदान देखाइएको छ।<br>• आवश्यकता पहिचान तथा लक्षित लाभग्राही कृषकहरुको छनौट भए नभएको सम्बन्धमा कार्यालयले सर्भे अध्ययन बिश्लेषण गरेको अभिलेख प्रमाण पेश हुन आएन ।<br>• प्रधानमन्त्री आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुअलमा उक्त कार्यक्रममा पकेटहरु संचालन गर्दा पकेटको प्रोफाइल तयार गर्नुपर्ने, म्यानुअलले तोके वमोजिमको आधारमा कार्यक्रममा छनौट हुने व्यक्ती, फर्म, संस्थाहरु सम्वन्धित काम गर्ने उद्देश्यले दर्ता भएकालाई मात्र परियोजना प्रस्तावबाट छनौट गर्नुपर्ने समेतको व्यवस्था छ ।<br>• उपरोक्त अनुदानमा कृषि सामाग्रीहरु, पशु खरिद गर्दा प्रतिस्पर्धा वेगर खरिद गरेको छ ।<br>• नया पकेट कार्यक्रममा मापदण्ड अनुसार क्षेत्रफल खुल्ने लालपूर्जा पेश नभएको, समन्वय समित गठन नगरेको, सार्वजनिक सुनुवाई नगरेको र प्रगति प्रतिवेदन तयार नगरेको देखियो ।<br>• निरन्तरता कार्यक्रममा सार्वजनिक सुनुवाई नगरेको, गतवर्षको उपलव्धीको प्रतिफल पेश नभएको, पशु विमा नगराएको देखियो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन।<br>• अनुदान कार्यक्रम तोकिएको मापदण्ड अनुसार सञ्चालनमा रहेको देखिदैन ।<br><br>गाउँपालिकाको सहभागीतामा सञ्चालित कार्यक्रम मार्फत कृषकहरुलाई पकेट क्षेत्र कार्यक्रम सञ्चालन गरे पश्चात गाउँपालिकाले अनुदानबाट भए गरेका कामको मुल्यांकन र अनुदान वितरणबाट रोजगारी, उत्पादकत्व, राजस्व योगदान र नमुना तथा उत्प्रेरणाको कार्य भए नभएको सम्बन्धमा समिक्षा गरेको पाइएन। साथै स्थानीय तहबाट वितरण हुने अनुदान प्राप्त गर्ने कृषकको नामनामेसि सहितको अभिलेख अध्याविधक गरी एउटै समूह संस्था वा व्यक्तिले पटक पटक अनुदान प्राप्त गर्ने अवस्था तर्फ सचेत हुनुपर्ने देखिन्छ । | |
| ४० | | | **अनुदानको अनुगमन**<br><br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद, विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ। | |
| ४१ | | | **औषधी व्यवस्थापन**<br><br>औषधी खरिद – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । यस गाउँपालिकाले स्वास्थ्य ससर्त स्वास्थ्य चालुमा देहायका सप्लायर्सबाट कुल रु २९११०३८ को उक्त प्रक्रियावेगर देहाय अनुसारको औषधि सोझै खरिद गरेको छ । जस्मा निम्न व्यहोरा देखियो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see below) | |

| फर्मको नाम | रकम |
|---|---|
| ड्रग इन्टरनेशनल फार्मेसी | ४,९७,३०१ |
| माछापुच्छ्रे मिडिसिन सप्लायर्स | ४,८०,६३१.६५ |
| सुमी मेडिहेल्थ | ९,७४,०९९ |
| यसोदा फर्मा ट्रेडर्स | ९,५९,००६ |
| जम्मा | २९११०३८ |

- खरिद गरेका उक्त औषधी कुन औषधी कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,
- आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,
- सार्वजनिक खरिद नियमावली २०६४ मा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने, खरिद योजना बनाउनुपर्ने, सम्बन्धित शाखा महाशाखाबाट खरिद माग प्राप्त गर्नुपर्ने, खरिद गरिने सामग्रीको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था भएपनि सो अनुरुप गरेको पाइएन ।
- औषधिको जिन्सी खाता प्रमाणित छैन ।
- औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,
- औषधिको खर्च घटाउँदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | • आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा एकिन गर्न सकिएन ।<br><br>तसर्थ औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ४२ | | | **अभिलेख व्यवस्थापन**<br><br>स्थानीय तहमा स्वास्थ्य सम्बन्धि कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७८।७९ मा स्थानीय तहबाट सञ्चालन भएका स्वास्थ्य कार्यक्रमको स्पष्ट रुपमा अभिलेख राखि प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था उल्लेख छ । सञ्चालन गरेका स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुको अभिलेख तथा प्रगति प्रतिवेदन पूर्ण रुपमा नराखेकोले समयमा प्रतिवेदन पेश गर्नेतर्फ अभिलेख व्यवस्थापन तिर ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४३ | | | **लघु उद्यम कार्यक्रम**<br><br>पालिकाले गरिबी निवारणका लागि उघु उद्यम विकास कार्यक्रम (मेड्पा कार्यक्रम) अन्तर्गत उद्यमशिलता विकासका लागि बेसिक तथा एडभान्स किसिमका विभिन्न लघु उद्यम विकास तालिम सञ्चालन गरी रु. २०९८५९९ खर्च गरेको छ । यसमा निम्न व्यहोरा देखियो । | |
| ४३.१ | | | गरिबी निवारणका लागि उघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ अनुसार सम्भाव्य उद्यमीहरुलाई २० देखि २५ जनाको लक्षित समुह छनौट गरी तालिम सञ्चालन गर्नुपर्दछ । पालिकाले मेडपा तालिम सञ्चालनको लागि सहभागी छनौट गर्दा निर्देशिकामा व्यवस्था भए बमोजिम छनौट गरेको पाइएन । सोही निर्देशिकाको दफा ३९ मा विभिन्न लघु उद्यम विकास तालिम सञ्चालन गर्दा तालिमबाट उत्पादित सामान वा वस्तुको व्यवस्थित अभिलेख राखी सो वस्तु प्रशिक्षण अवधी | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भित्रै परल मुल्यको ५० प्रतिशत छुट मुल्यमा सहभागीलाई नै बिक्री गरी लागत सहभागीतालाई प्राथमिकता दिनुपर्नेमा सो अनुसार (कस्ट सेयरीङ्ग) भए गरेको पाइएन । पालिकाले यस कार्यक्रम अन्तर्गत विभिन्न तालिम सञ्चालनको क्रममा उत्पादन भएका सामग्रीहरु निर्देशिकामा व्यवस्था भए बमोजिम व्यवस्थीत अभिलेख गरी सो वस्तुहरुको लिलाम बिक्री गरी सो बाट प्राप्त रकम राजश्व खातामा दाखिला गर्नुपर्दछ । | |
| ४३.२ | | | योजना छनौटः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ को दफा ३ (४) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको सहलगानी वा साझेदारिमा सञ्चालन हुने कार्यक्रम वा आयोजना बाहेकको कार्यक्रम वा आयोजना सञ्चालन गर्दा एक आपसमा दोहोरो नपर्ने गरी सञ्चालन गर्नु पर्नेछ भनी उल्लेख छ । पालिकाले संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत प्रतिस्पर्धामा छनौट भएका उद्यमीहरुको लागि विभिन्न कार्यक्रम सञ्चालन गरी रु. २०९८५९९ खर्च गरेकोमा पालिकाले सोही प्रकृतिको लघु उद्यम कार्यक्रम छनौट गरी संघीय कार्यक्रम संग दोहोरिने प्रकृतिको सिलाई तालिम कम्प्युटर सीप, दुना टपरी मेसिन, बाख्रा वितरण लगायतका तालिम सञ्चालन गरी रु ११६६८८१. खर्च गरेको छ । साथै पालिकाले यस्ता तालिममा उत्पादन भएका सामग्रीको लगत तथा आम्दानी समेत भए गरेको पाइएन । पालिकाले कार्यक्रम छनौट गर्दा संघिय कार्यक्रम सँग दोहोरो हुने गरी खर्च गरेको पालिकालाई व्ययभार परेको देखियो । | |
| ४३.३ | | | लघु उद्यम अनुगमन प्रतिवेदनः गरिबी निवारणका लागि उघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा ५८ मा स्थानिय तहले अनूसूची १६ बमोजिम उपयुक्त सूचकहरु तयार गरी कार्यक्रमको प्रभावकारीको अनुगमन तथा मूल्याङ्कन गर्ने र अनुगमन प्रतिवेदन पेश गर्ने उल्लेख छ । यस गाउँपालिकाबाट सोको अनुगमन प्रतिवेदन लेखापरीक्षणमा पेश भएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | ४ | २०७९-३-१७ | **किशोरी सशक्तिकरण कार्यक्रम**<br><br>किशोरी सशक्तिकरण कार्यक्रम सञ्चालन निर्देशिका, २०७९ को दफा ५ (४) मा बालविवाहको रोकथाम र निरुत्साहनका लागि समुह गठन गरी समूहले सञ्चालन गर्ने सचेतना गोष्ठी, बाल दिवस तथ बालिका दिवस कार्यक्रम, सामुहिक छलफल जस्ता कार्यक्रम तथा गतिविधि सञ्चालन सम्बन्धमा समूहको बैठकको निर्णय बमोजिम विद्यालयले बजेट उपयोग गर्नुपर्ने र सो बजेट रकम खर्च सम्बन्धी विवरण स्वीकृत ढाँचामा तयार गरी प्रतिवेदन गर्नु पर्ने उल्लेख छ । पालिकाले सोही कार्यक्रम अन्तर्गत गौरीशंकर माविलाई रु. ५५०००/- निकासा दिएकोमा सो कार्यक्रम सञ्चालन निर्देशिकामा व्यवस्था भए बमोजिम खर्च विवरण पेश हुन नआएको रु. | ५५,००० |
| ४५ | | | **शिक्षक दरवन्दी र पदपूर्ति**<br><br>स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ । स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । गाउँपालिका अन्तर्गत विभिन्न तहका १६ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । तालुक निकाय तथा पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी पदपूर्ति गर्नुपर्दछ ।<br><br>विद्यालय संख्या: १६; शिक्षक दरबन्दी: १६१; पदपूर्ति: १६१; पदपूर्ति मध्ये करार: ५८; विद्यार्थी संख्या: ५५९३ | |
| ४६ | | | **उपभोक्ता समितिबाट भएको कार्य**<br><br>गुणस्तर परिक्षणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु | |

| विद्यालय संख्या | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|
| १६ | १६१ | १६१ | ५८ | ५५९३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पर्ने व्यवस्था छ । योजनामा प्रयोग भएको सामानको गुणस्तर परीक्षण गरेको पाइएन । गुणस्तर परीक्षणको व्यवस्था कार्यान्वयनमा ल्याउनु पर्दछ ।<br><br>आयोजना हस्तान्तरण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्यसम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट सम्पन्न गरेका आयोजना नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरेको देखिएन । जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने देखिन्छ । सम्पन्न आयोजनाहरु नियमानुसार हस्तान्तरण गर्नुपर्ने देखिन्छ ।<br><br>निर्माण कार्यको लगत - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्यसम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले यस वर्ष सञ्चालन गरेको योजना निर्माण कार्यको लगत अद्यावधिक गरेको देखिएन । पालिकाले गतविगत वर्षदेखि सञ्चालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यवस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखियो ।<br><br>सार्वजनिक परिक्षणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्र्तगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । विभिन्न सडक, भवन, सिचाई, खानेपानी तथा कृषि विकास र पशु विकास सेवा तर्फको कार्यक्रमको सार्वजनिक | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सुनवाई गरेको जनाए तापनि सार्वजानिक सुनुवाईको ढाँचा अनुरुप गरेको पाईएन ।कतिपयमा वजेट खर्च उल्लेख गरेको देखिदैन । केहिमा सार्वजनिक सुनुवाईको लागी तोकिएको फारम भर्ने गरेता पनि सरोकारवालाको न्यून उपस्थिती रहने गरेको, फाइलमा राख्ने प्रयोजनको लागी मात्र फारम भरेर राख्ने गरेको अवस्था बिद्यमान रहेको देखियो । त्यसैले सार्वजानिक सुनुवाईको विश्वसनीयता देखिदैन । कानूनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रवद्र्धन गर्नुपर्दछ ।<br><br>कार्य सम्पन्न प्रतिवेदन र एजविल्ट नक्साः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार निर्माण व्यवसायीले निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एजविल्ट नक्सा पेश गर्नु पर्ने, निर्माण कार्यको त्रुटी सच्चाउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटी देखिएमा यकिन गरी दावी गर्दा कार्यालयले प्रत्येक महिनाको कार्य प्रगति देखिने गरी अभिलेख तयार गरी प्रमाणित गरेर राख्नु पर्ने र त्रुटी सच्चाउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । तर निर्माण व्यवसायीहरुले पुल निर्माण कार्य बाहेक सडक निर्माण कार्यहरुको एजविल्ट नक्सा कार्यालयमा पेश गर्ने गरेका छैनन । त्यस्तै कार्यालयले त्रुटी सच्चाउने पर्ने दायित्व सम्बन्धी अभिलेख राखेको छैन र त्यस्तै त्रुटी सच्चाउने अवधि समाप्त नहुँदै सबै निर्माण कार्यको कार्य सम्पन्न प्रतवेदन तयार गरेको देखियो । त्रुटी सच्चाउने अवधि समाप्त नहुँदै कार्य सम्पन्न प्रतिवेदन जारी गरेकोले निर्माण व्यवसायीले त्रुटी सम्बन्धी दायित्वबाट उन्मुक्ती पाउन सक्ने अवस्था देखिएको छ । अतः नियमानुसार सबै निर्माण कार्यको एजविल्ट नक्सा जारी गर्ने, कार्य स्वीकार्दा कार्यस्वीकार प्रतिवेदन तयार गर्ने र त्रुटी सच्चाउने अवधि समाप्त भए पश्चात मात्र कार्य सम्पन्न प्रतिवेदन तयार गरी निर्माण कार्य सम्पन्न गराउने कार्यलाई प्रभावकारी बनाउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यसम्पन्न प्रमाणपत्र - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३४ को उपनियम (९) मा कार्य सम्पन्न प्रतिवेदन स्वीकृत भएपछि गाउँपालिकाले सम्बन्धित निर्माण व्यवसायीलाई कार्य सम्पन्न प्रमाणपत्र (वर्क कम्प्लिसन सर्टिफिकेट) दिनु पर्ने व्यवस्था छ । गाउँपालिकाले कार्य सम्पन्न गर्ने निर्माण व्यवसायीलाई यस्तो प्रमाणपत्र दिने गरेको छैन ।<br><br>खरिद सम्झौताको सूचना - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३७ मा खरिद सम्झौता भएको तीन दिन भित्र सो सूचना सम्बन्धित सार्वजनिक निकायले आफ्नो सूचना पाटीमा टाँस गरी जिल्ला समन्वय समितिको कार्यालय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयको सूचना पाटीमा टाँस गर्न लगाउने व्यवस्था गर्नु पर्ने र त्यस्तो सूचना आफ्नो वेवसाइटमा राखी सार्वजनिक खरिद अनुगमन कार्यालयमा समेत पठाउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले गरेका खरिद सम्झौताको सूचना सार्वजनिक गर्ने गरेको छैन । नियममा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।<br><br>उपभोक्ता समितिको श्रेस्ता अनुगमन — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिवाट सञ्चालित कार्यक्रमको लेखा दुरुस्त राख्ने दायित्व सम्बन्धित उपभोक्ता समितिका प्रमुख, कोषाध्यक्ष र सदस्य सचिवको हुने, लेखा दुरुस्त नराखेको पाइएमा प्रचलित कानूनबमोजिम कारबाही हुने एवं भए गरेको कामलाई नगरेको तथा नगरेको कामलाई गरेको सिफारिस गर्ने, नापजाँच प्राविधिक सुपरीवेक्षण गर्ने र अन्तिम मूल्याङ्कन गर्ने कर्मचारीलाई प्रचलित कानूनबमोजिम कारबाही हुने व्यवस्था छ। उपभोक्ता समितिले राखेको लेखाको सम्बन्धमा अनुगमन गरेको देखिएन। उपभोक्ता समितिमार्फत् भुक्तानी गर्दा आयकर ऐन, २०५८ बमोजिम श्रोतमा अग्रिम आयकर कट्टी गर्नुपर्ने, स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र भएकासँग खरिद गर्नुपर्ने व्यवस्थाको पालना भएको छैन। उपभोक्ता समितिबाट खरिद गरिएका विभिन्न जिन्सी, निर्माण सामग्री र हेभी मेशिनको भुक्तानीमा अग्रिम आयकर कट्टी गरेकोसमेत देखिएन। उपभोक्ता समितिले | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लेखा नराख्ने, कार्यालयबाट अनुगमन नहुने अवस्थामा आयकर ऐन, २०५८ अनुसार लाग्ने आयकर तथा भुक्तानीमा असुली गरिने कर रकम निर्माण व्यवसायी तथा आपूर्तिकर्ताबाट छली हुन सक्ने भएकोले अनुगमन गर्नुपर्दछ । <br><br> निर्माण सामाग्रीको विल भर्पाईः गाउँपालिका र विभिन्न निर्माण कार्यको उपभोक्ता समितिहरु विच भएको सम्झौतामा रु. 20 हजार भन्दा बढीको निर्माण सामाग्री खरिद गर्दा अनिवार्यरुपमा मुल्य अभिवृद्धी कर प्रयोजनको लागि दर्ता भएका विक्रेताबाट खरिद गर्नुपर्ने र 1.5% अग्रीम कर समेत कट्टा गरी भौचर सहितका विलभरपाई गाउँपालिकाको कार्यालयमा पेश गर्नुपर्ने उल्लेख छ । उपभोक्ता समितिहरुले सिमेन्ट र फलामे छड खरिद गर्दा प्रायजसो मु.अ.कर बिजक पेश गरेता पनि ढुङ्गा, गिटी, बालुवा र काठ खरिद गर्दा मु.अ.कर बिजक पेश नगरी विभिन्न व्यक्तीले रकम बुझिलिएको भरपाई पेश गर्ने गरेको पाइयो । निर्माण कार्यमा प्रयोग हुने र मु.अ.कर लाग्ने निर्माण सामाग्रीहरु ढुङ्गा, गिटी, बालुवा र काठ खरिद गर्दा नेपाल सरकारले सम्झौतामा उल्लेख भए अनुसार अनिवार्य रुपमा मु.अ.कर विजक पेश हुनुपर्दछ । मु.अ.कर विजक पेश नभएको अवस्थामा तथा व्यक्तीको भरपाईबाट लाखौ रकम खर्च गरेको अवस्थामा त्यस्ता व्यक्तीको आयबाट आयकर ऐन, २०५८ बमोजिम १५% अग्रीम करकट्टा गर्नु पर्दछ । <br><br> त्रुटी सच्याउने कार्यः ठेक्का सम्झौता अनुसारको काम सम्पन्न भएपछि आयोजनालाई निर्मित संरचना हस्तान्तरण गर्ने र हस्तान्तरण गरेको मितिले १ वर्षसम्म त्रुटी सच्चाउने अवधि राखी त्यस अवधिमा बिग्रेका काम निर्माण व्यबसायी मार्फत नै सच्चाई कार्य सम्पन्न गर्ने व्यवस्था गरिए पनि कार्यालयले संचालनमा रहेका योजनाहरुको विवरण अद्यावधिक राखी बिग्रेका कामको लागि निर्माण व्यवसायीलाई पूर्ण रुपमा जिम्मेवार बनाई त्रुटी सच्चाउन लगाउनु पर्दछ । त्रुटी सच्चाउनु पर्ने कार्यको ठेक्कागत अभिलेख राखी काममा त्रुटी देखिए त्रुटी सच्चाएपछि मात्र कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७ | १६ | २०७८-११-६ | **जगदीश घिमिरेको घरबाट पूर्व झोडा जाने बाटो**<br><br>जगदीश घिमिरेको घरबाट पूर्व झोडा जाने बाटोमा सडक पुल निर्माण कार्यका लागि उपभोक्ता समितिसँग रु२३५३३५६।६४ मा कार्य गर्ने गरी सम्झौता भई रु २३५२७४३।६८ को कार्यसम्पन्न भई जनश्रमदान कट्टा गरी रु १९५९४७९ भुक्तानी भएकोमा देहायको व्यहोराहरु देखियो ।<br><br>• क्रस कटिङ्ग ड्रङ्ग नभएको<br><br>• सडकमा परेको खाल्डोमा माटो भर्ने कार्य १९७४.२१ घमि कार्य भएकोमा रेट एनालाइसिस गर्दा क्युरी साइट नखुलेई रु ३१४.२१ का दरले रु ६२०३१६.५२ भुक्तानी भएको छ ।<br><br>• ह्युम पाइप जडान कार्य ७५ मिमि मोटाई भएको ३० सेमि व्यासको ६ वटा पाइप रु९०४० का दरले रु ५४२४० र ८५ मिमि मोटाई ७० सेमि व्यासको २ वटा पाइप रु १४३५१ का दरले रु २८७०२ भुक्तानी भएकोमा सोको चेनेज खुलाएको छैन । | |
| ४८ | ३३० | २०७८-१२-३० | **उपभोक्ता समितिमार्फत विद्युत विस्तार**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । विद्युत प्राधिकरणसँग साझेदारीमा विद्युत विस्तार कार्यक्रम अन्तर्गत वडा नं ७ का विभिन्न स्थानमा विद्युत विस्तार कार्यका लागि उपभोक्ता समितिलाई रु ५१४५०० भुक्तानी भएको छ । उपभोक्ता समितिले पेश गरेको बिल भरपाई डोर हाजिरी रु ९१३५० र वोध बन्धु सप्लायर्सबाट सामाग्री खरिदको विल रु ४९२३३२।८० पेश भएको छ । सामाग्री खरिद गर्ने कार्य उपभोक्ता समितिबाट हुँदा खरिद गरिएका | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सामाग्रीमा प्रतिस्पर्धा नभएको र जटिल प्रकृतिको प्राविधिक कार्य उपभोक्ता समितिबाट गरीएकोले यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>व्यक्तिगत खातामा रकम जम्मा<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको दफा २४ मा खर्च गर्ने कार्यविधि र मापदण्ड तोकिएको छ । सार्वजनिक खरिद नियमवली २०६४ को दफा ९७ मा उपभोक्ता समिति मार्फत काम गराउँदा उसको गठन गर्ने उसको खातामा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निर्माण सम्बन्धी कार्य गराई भुक्तानी गर्दा जोसँग कार्य सम्झौता भएको छ । सोही संस्था वा फर्मलाई भुक्तानी गर्नुपर्नेमा देहायबमोजिम उपभोक्ता समितिको अध्यक्षको नाममा वियरर चेक काटी भुक्तानी गरेको छ । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।<br><table>
<tr><th>भौ नं</th><th>कामको विवरण</th><th>भुक्तानी लिने</th><th>रकम</th></tr>
<tr><td>१९५।११।९</td><td>गोपालेश्वर मन्दिरको शौचालयको अधुरो काम पुरा</td><td>रोमनाथ दाहाल</td><td>९७८०७</td></tr>
<tr><td>१९८।११।१०</td><td>हिन्द राईको गाउँ जाने बाटो स्तरोन्नती</td><td>मान बहादुर कामी</td><td>४९०००</td></tr>
<tr><td>२२१।११।२३</td><td>भेटवाल चोक मोहन खरेलको घर देखि पश्चिम हुँदै घरहरु सम्म मर्मत तथा ग्राभेल</td><td>चन्द्र प्रसाद दंगाल</td><td>९७४०४</td></tr>
<tr><td>२२५।११।२३</td><td>शान्ति टोल चर्च भौतिक निर्माण वडा ५</td><td>खेलमान लिम्बु</td><td>४९०००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२३३।१ २।०२</td><td>उँ शान्तिवन फुलबारी उस</td><td>श्रीदेवी राजवंशी</td><td>९७५६६</td></tr>
<tr><td>२३५।१ २।०२</td><td>मलामी टहरा उस</td><td>टेक नारायण सिंह राजवंशी</td><td>९७२३३</td></tr>
<tr><td>२४१।१ २।०२</td><td>सन्दकपुर दुरा मन्दिर उस</td><td>तिलक बहादुर कार्की</td><td>१९५७१८</td></tr>
<tr><td>२४७।१ २।०३</td><td>सुशिल केसिको घर पश्चिम सुशिल वास्केको घर उत्तर दक्षिण मंगल सिंह राजवंशीको घर जाने बाटो स्तरोन्नती</td><td>राम प्र खरेल</td><td>१९५७१८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>
Quantity Analysis नगरेको<br><br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ अनुसार अन्तिम विल भुक्तानी गर्दा कहाँबाट कहासम्म कार्य भएको हो सो नापी किताब तयार गर्नपर्ने र सोही अनुसार भुक्तानी गर्नुपर्ने व्यवस्था छ । निम्नानुसार योजनाको लागत अनुमान तयार गर्दा विस्तृत रुपमा Quantity Analysis नगरेको र सुरु चेनेज र अन्तिम चेनेज नखुलेको ।<br><br>
• जनज्योती स्कुल पूर्व जाने बाटव कालोपत्रे<br>
• महानन्द चवकबाट बुट्टबारी हुँदै पश्चिम हिमाली रोड हुँदै डिग्लीबारी जोड्ने बाटव कालोपत्रे<br>
• राजवंशी चोकदेखि मोटापानी सम्मको बाटो कालोपत्रे<br>
• राजगढ बजारमा भौतिक सुधार
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **जडान प्रमाणित र नापी किताबमा उल्लेख नभएको**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को दफा १२३(१) मा सार्वजनिक निकायले खरिद सम्झौताको आधार नापी किताब, रनिङ बिल संलग्न गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । साथै दफा १२५ अनुसार प्राविधिक कार्यसम्पादन मुल्यांकनका आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले निम्नअनुसारको सामान खरीद गर्दा कुन कुन स्थानकोलागि आवश्यक भएको हो सोको निर्धारण नगरी, सामान प्रयोग गरी प्राविधिक मुल्यांकन नगरी खर्च गरेको छ। खरिद गरीएका ह्यूमपाईप जडान प्रमाणित नगरी खर्च गरेको देखिएकोले कुन कुन योजनामा प्रयोग भएको हो जडान प्रमाणीत हुनुपर्ने रु<br><br>भौचर नं र मिति: २०४।२०७८।११।११ — विवरण: मैनाचुली ह्युम पाइप उद्योगबाट खरीद भएको ८ थान ९० सेमी NP3 ६ थान ६० सेमी NP3 ह्युमपाइप — रकम: २९९९८६ | २९९,९८६ |
| ५२ | | | **मेसिनको प्रयोग**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा निर्माण कार्यमा एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने र तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भन्ने उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमती लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने व्यवस्था भएकोमा लागत अनुमान तयार गर्दा जटिल प्रकृतिको काम नखुलाइएको र उपभोक्ता समितिले एक्साभेटर/डोजर प्रयोग गर्दा प्राविधिकको सिफारिस लिई सार्वजनिक निकायबाट सहमती लिएको पुष्ट्याईं नभएको अवस्थामा कार्यको नापजाँच गरी भुक्तानी लिएको देखिएको छ । साथै लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा प्राविधिकले | |

Nested table in item ५१:

| भौचर नं र मिति | विवरण | रकम |
|---|---|---|
| २०४।२०७८।११।११ | मैनाचुली ह्युम पाइप उद्योगबाट खरीद भएको ८ थान ९० सेमी NP3 ६ थान ६० सेमी NP3 ह्युमपाइप | २९९९८६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सम्झौता अनुसार उपभोक्ता समितिबाट गर्ने कार्य र रकम नखुलाई एकमुष्ट रुपमा रकम मात्र खुलाउने गरेको छ । यसबाट उपभोक्ताको योगदान सुनिश्चित गर्न सक्ने आधार भएन । | |
| ५३ | | | **Rajgadh Bazar**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ बमोजिम कार्यालयले निर्माण कार्यको ड्रइङ्ग डिजाइन तयार गर्नुपर्दछ । Physical improvement of Rajgadh Bazar को कार्य गर्दा Road way excavation को कार्य ६४६ m3 कटान गरेकोमा Cross section drawing पेश नभएको रु. | ३२,५०० |
| ५४ | | | **महानन्दचोकबाट बुट्टावारी हुँदै डिल्लीवारी जोड्ने बाटो कालोपत्रे**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । महानन्दचोकबाट बुट्टावारी हुँदै डिल्लीवारी जोड्ने बाटो कालोपत्रेको कार्य कन्चन निर्माण सेवाले रु. ३७७४८९०.४३ मा कार्य गर्ने गरी सम्झौता गरेकोमा प्रत्येक ३०/३० मीटरमा नाँपजाँच गर्नुपर्नेमा Subbase, base course, prime coat, tack coat, Asphalt को कार्य ५७१.२७ मीटर नै एकै पटक नाँपजाँच गरेको पाइएकोले विस्तृत नाँपजाँच गरी परिमाण यकिन गर्नुपर्ने रु. | ६,९२८,४०१.०८ |
| ५५ | | | **फरक काम**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । निम्न योजनामा इष्टिमेटको ड्रइङमा भन्दा वढी काम देखाई रनिङ विलमा चढेकोमा प्राविधिक पुष्टाई हुनुपर्ने अन्यथा सो बराबरको रकम कार्यालयले एकिन गरी असूल गर्नुपर्ने । | ५६४,००३.७५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>योजनाको नाम</td><td>Footing</td><td>इष्टिमेटको ड्रइङमा त्रुटिवस देखिएको (सोलिङ र पिसिसिको ३” +३ ” आरसिसि भन्दा अतिरिक्त भाग नदेखिएको)</td><td>फिल्डमा काम भई रनिङ विलमा चढेको तथा सम्झौता पछिको परिमार्जित ड्रइङमा भएको परिमाण</td><td>फरक</td><td>दर</td><td>जम्मा</td></tr>
<tr><td rowspan="4">वडा कार्यालय भवन निर्माण (वडा नं. ३,४,५,६,७ (ठेक्का नं.१))</td><td>Excavation</td><td>438.84</td><td>505.86</td><td>67.02</td><td>150</td><td>10053</td></tr>
<tr><td>Brick soiling</td><td>221.76</td><td>255.63</td><td>33.87</td><td>50</td><td>1693.5</td></tr>
<tr><td>PCC (1:3:6)</td><td>16.62</td><td>19.17</td><td>2.55</td><td>10000</td><td>25500</td></tr>
<tr><td>Brick work (220.43m3)</td><td></td><td></td><td>6613</td><td>16</td><td>105808</td></tr>
<tr><td rowspan="2">१ नं. वडा कार्यालय निर्माण</td><td>Excavation</td><td>146.28</td><td>168.62</td><td>22.34</td><td>50</td><td>1117</td></tr>
<tr><td>Brick soiling</td><td>73.92</td><td>85.21</td><td>11.29</td><td>700</td><td>7903</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | PCC (1:3:6 ) | 5.54 | 6.39 | 0.85 | 8000 | 6800 | |
| | | | | Brick work (91.66 m3) | | | 8402 | 14.5 | 121829 | |
| | | | | Brick masonry work | … | …. | 4.17 | 10000 | 41700 | |
| | | | | M25 | | | 0.28 | 8000 | 2240 | |
| | | | | Form work | | | 1.59 | 50 | 79.5 | |
| | | | कोच राजवंशी सामुदायिक भवन तथा पर्यटन केन्द्र बाह्रदशी गाउँपालिका-३ (ठेक्का नं.५) | Brick work | | | 63 | 16 | 1008 | |
| | | | घोडामारा प्रा.वि.को भवन निर्माण बाह्रदशी गाउँपालिका-५ (ठेक्का नं.७) | Excavation | 27 | 32.67 | 5.67 | 50 | 283.5 | |
| | | | | Stone soiling | 2.7 | 3.26 | 0.56 | 1200 | 672 | |
| | | | | PCC (1:3:6 ) | 1.35 | 1.63 | 0.28 | 5000 | 1400 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Brick work | … | .. | 972 | 16 | 15552 | |
| | | | | Brick masonry (Sill, lintel) | …… | … | … | .. | 17907 | |
| | | | ५ नं. वडा कार्यालय निर्माण | Excavation | 146.28 | 168.62 | 22.34 | 40 | 893.6 | |
| | | | | Brick soiling | 73.92 | 85.21 | 11.29 | 250 | 2822.5 | |
| | | | | PCC (1:3:6) | 5.54 | 6.39 | 0.85 | 6000 | 5100 | |
| | | | | Brick masonry | | | 1692 | 14.5 | 24534 | |
| | | | | Brick work | | | 2353 | 16 | 37648 | |
| | | | ३ नं. वडा कार्यालय निर्माण | Excavation | 146.28 | 168.62 | 22.34 | 50 | 1117 | |
| | | | | Brick soiling | 73.92 | 85.21 | 11.29 | 550 | 6209.5 | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td rowspan="6"></td><td>PCC (1:3:6)</td><td>5.54</td><td>6.39</td><td>0.85</td><td>6500</td><td>5525</td></tr>
<tr><td>Brick work</td><td></td><td></td><td>1280</td><td>14.5</td><td>18660</td></tr>
<tr><td>M25</td><td></td><td></td><td>0.28</td><td>2800</td><td>784</td></tr>
<tr><td>Form work</td><td></td><td></td><td>1.59</td><td>206.7</td><td>328.65</td></tr>
<tr><td>RCC m20</td><td></td><td></td><td>8.06</td><td>11500</td><td>92690</td></tr>
<tr><td>Form work</td><td></td><td></td><td>30.73</td><td>200</td><td>6146</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>
खर्च एकिन नभएको<br><br>
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ बमोजिम कार्यालयले निर्माण कार्यको ड्रइङ्ग डिजाइन तयार गर्नुपर्दछ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ अनुसार अन्तिम विल भुक्तानी गर्दा कहाँबाट कहासम्म कार्य भएको हो सो नापी किताब तयार गर्नपर्ने र सोही अनुसार भुक्तानी गर्नुपर्ने व्यवस्था छ । निम्नानुसारको कार्य गराउदा निम्नानुसार पाइएकोले परिमाण र खर्च यकिन गर्न सकिएन ।<br><br>
<table>
<tr><td>योजनाको नाम</td><td>कामको विवरण</td><td>परिमाण</td><td>दर</td><td>खर्च रकम</td><td>कैफियत</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| खानीचोक देखि वित्तिवारे सडक | E/W excavation | 943.5 5 | 70 | 66048 .5 | Cross section drawing नभएको |
| | E/W filling | 589.7 9m3 | | | |
| | Hume pipe culvert | 359.1 7 | | | चेनेज खुलेको छैन |
| हिमाली मार्ग मर्मत | ... गिट्टी | 237.0 7 | 1861 | | चेनेज खुलेको छैन |
| ३५।०७८।६।१९ | ... गिट्टी | २३७ .०७ | १८६ ०.८० | ४९८ ४५१ | चेनेज खुलेको छैन |
| ३८।०७८।६।१९ | फुलफुलेको विरुवा | .. | .. | ३५० ००० | गत वर्षको विल प्रयोग गरी खर्च लेखेको र विल भरपाई सच्चाएकोले कार्यालय यकिन गर्नुपर्ने |
| ५३।०७८।७।१० | ह्युमपाइप 600mm | ७ | | १०० ४५७ | कहाँ प्रयोग गरेको खुलेन |
| हिमाली रोड | E/W excavation | 731.2 9 | 70 | 51890 | Cross section drawing नभएकोले परिमाण यकिन गर्नुपर्ने |
| | E/W filling | 1362. 075 | 309.22 | 43137 5.93 | |
| ५५।०७८।७।११ | कृषिको विउ वितरण | १५३ ९ | १३० | २०० ००० | सामग्री बाडेको भरपाई नभएको |
| ५६।०७८।७।१२ | Mix गिटी | 237.1 3 | 1863 | 44177 3.2 | कहाँ राखेको नखुलेको |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (विवरण तलको तालिकामा) | |

| | | | | | |
|---|---|---|---|---|---|
| इ.प्र.का देखि कामादकान्ती माटो पुर्ने कार्य | E/W filling | 652.32 | 309.21 | 201703.9 | Cross section drawing नभएको |
| ६१।०७८।७।१४ बाटो मर्मत | Mix gravel | 207.06 | 1865.87 | 386347 | चेनेज नखुलेको |
| ६९।०७८।७।२९ | Mix gravel | 220.67 | 1865.87 | 411741.5 | चेनेज नखुलेको |
| ८०।०७८।८।२ | ह्युमपाइप खरिद | | | | |
| | 300mm | 7 | 8000 | 56000 | जिन्सी दाखिला नभएको प्रयोग गरेको नापी किताव नभएको |
| | 900mm | 11 | 22000 | 242000 | |
| ८४।०७८।८।१७ | वडा नं. ३ मा बाटो मर्मत | 18693 | 1800 | 380000 | चेनेज नखुलेको |
| ९९।०७८।९।५ | हिमाली मार्ग बाटो मर्मत | - | - | 485977 | चेनेज नखुलेको |
| १२२।०७८।९।२६ | मोटर खरिद | 18 | 7450 | 134100 | भरपाई नभएको |
| १२६।०७८।९।२८ | च्याप कटर | - | - | 90000 | ५०००० मात्र भुक्तानी दिनुपर्नेमा १००००० भुक्तानी भएको (५०-५०) |
| १३१।०७८।९।२८ | बोरिङको सामान | - | - | 238000 | ५०% नब्यहोरेको |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१३४।०७८।१०।६</td><td>घाग्र देखि दक्षिण बाटो मर्मत</td><td>131.10</td><td>1769.04</td><td>291921.14</td><td>चेनेज नखुलेको</td></tr>
<tr><td>४००।०७८।२।१७</td><td>कृषि उपकरण</td><td>-</td><td>-</td><td>350000</td><td>भरपाइ नभएको</td></tr>
<tr><td>४६९।०७९।३।२३</td><td>माईखोला (बाटो मर्मत)</td><td>-</td><td>-</td><td>488098</td><td>चेनेज नखुलेको</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>
सिलबन्दी दरभाउपत्र<br><br>
सिलबन्दी दरभाउपत्रः सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु हुँदैन भन्ने व्यवस्था छ । कार्यालयले गाउँपालिकाको सडक योजना निर्माण तथा अन्य मालसामान खरिद गर्दा प्यकेज बनाइ लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमबाट खरिद कार्य संचालन गर्नुपर्नेमा पटक पटक टुक्रा गरी रु. ८३६८३३ बराबरको खरिद कार्य गरेको पाइएकोले यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।
<table>
<tr><td>भौ र मिति</td><td>फर्मको नाम</td><td>रकम</td><td>कार्य</td></tr>
<tr><td>१९०</td><td>कुन्जबारी कन्स्ट्रक्सन प्रालि</td><td>१९८५१३</td><td>सोम पौडेलको काठ मिलबाट पूर्व जाने ग्राभेल</td></tr>
<tr><td>२५२।१२।६</td><td>सिभिल इन्जिनियरिङ्ग एण्ड विल्डर्स</td><td>२१४६७२</td><td>मोटापानी गाउँको बाटो ग्राभेल</td></tr>
<tr><td>२५४।१२।६</td><td>सिद्धिथुम्का निर्माण सेवा प्रालि</td><td>४२३६४८</td><td>मोटापानी गाउँको बाटो निर्माण</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८ | | | **कार्यक्रममा जनसहभागिता**<br><br>कार्यालयले कार्यक्रममा परेको तथा संसोधित कार्यक्रमहरुबाट कृषि उपकरणहरु खरिद गरि कृषकको साझेदारीमा कार्यक्रम संचालन गरेकोमा अधिकांश कार्यक्रममा जनसहभागिता जनाएको नदेखिएको र सामग्री बुझेको समेत पाइएन । अतः जनसहभागिताबाट प्राप्त रकम कार्यालयमा प्राप्त भएको देखिएन । भरपाईमा जनसहभागिता देखाएको भएतापनि उक्त बराबरको रकम असुल गर्नुपर्ने रु. | ७९५,०९८.३१ |

| गो.भौ.नं./मिति | कामको विवरण | पार्टीको नाम | परिमाण | दर | जम्मा | बढी खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १३०।०७८।९।२८ | Wheel borrow | मेशिनरीइज नेपाल | 26 | 3362.83 | 87433.58 | 49400 | ५०% साझेदारी कार्यक्रममा पुरै रकम खर्च लेखेको |
| १३२।०७८।९।२८ | मकै छोडाउने क्रसर | मेशिनरीइज नेपाल | 27 | 18500 | 499500 | 100250 | विल रु. ४९९५०० को २४९७५० भुक्तानी दिनुपर्नेमा ३५०००० भुक्तानी भएकोले १००२५० बढी भुक्तानी<br>विवरणको भरपाई समावेश नभएको |
| १२६।०७८।९।२८ | Chatt cutter | मेशिनरीइज नेपाल प्रालि | 6 | 30000 | 180000 | 90000 | ५०% साझेदारीको कार्यक्रममा पुरै रकम खर्च लेखेको |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३३।०७८।१०।३ | Battery spray | सुन्दर आधुनिक कृषि संसार प्रालि | 32 | 3407 | 109024 | 61598.56 | ५०% साझेदारीको कार्यक्रममा पुरै रकम खर्च लेखेको |
| | | सुन्दर आधुनिक कृषि संसार प्रालि | 2 | 3407 | 6814 | 7699.82 | २ जनाको भरपाई नभएको |
| १५५।०७८।१०।१४ | Grass cutter | सुन्दर आधुनिक कृषि संसार प्रालि | 3 | 33000 | 99000 | 49500 | भरपाई ६ जनाको रहेको |
| १२९।०७८।९।२८ | मोटर तथा पम्म खरिद | मेशिनरीइज नेपाल प्रालि | 20 | 17699.11 | 353982.2 | 200000 | कार्यक्रमको स्पष्ट नखुलेको |
| १५४।०७८।१०।२४ | Corn seller and motor | सुन्दर आधुनिक कृषि संसार प्रालि | 6 | 16000 | 96000 | 480000 | ५०% साझेदारीको कार्यक्रममा पुरै रकम खर्च लेखेको<br>१२ जनाको भरपाई नभएको |
| १७२।०७८।१०।२६ | Kirloskar | मेशिनरीइज नेपाल प्रालि | 35 | - | 427000 | 213500 | ५०% साझेदारीको कार्यक्रममा पुरै रकम खर्च लेखेको |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td rowspan="2">२८३।०७८।१२।१७</td><td rowspan="2">Electric spray tank</td><td>सुन्दर आधुनिक कृषि संसार प्रालि</td><td>125</td><td>3540</td><td>442500</td><td>1000</td><td>कार्यक्रममा ८०।२० प्रतिशत साझेदारी उललेख गरेको रु. ४५००००</td></tr>
<tr><td>सुन्दर आधुनिक कृषि संसार प्रालि</td><td>5</td><td>3540</td><td>17700</td><td>17700</td><td>भरपाई नभएको</td></tr>
<tr><td>२४४।२०७८।१२।२</td><td>Agri 16L sprayer</td><td>सुन्दर आधुनिक कृषि संसार प्रालि</td><td>131</td><td>3362.83</td><td>497799.72</td><td>124449.93</td><td>कार्यक्रम संसोधनमा ७५।२५ प्रतिशत अनुदान उल्लेख तर पुरै भुक्तानी गरेकोमा वितरणको भरपाई पेश नभएको</td></tr>
</table>
माथि उल्लेखित तालिकामध्ये लेखापरीक्षणको क्रममा रु ६,००,००० असुली भएकोले रु 795098.31 असुल गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>कन्चन धरहरा निर्माण<br><br>बाह्रदशी कन्चन धरहरा निर्माणको DPR अनुसार १७ करोडको धरहरा निर्माण गर्ने कार्य विगत वर्ष र यस वर्ष रु. ५११९००० खर्च लेखेको छ । आयश्रोत कम भएको र खर्चको औचित्य पुष्टाई वेगर निर्माण गर्नु औचित्य पुष्टि गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>६०</td><td></td><td></td><td>निर्माणसम्बन्धी व्यहोरा</td><td></td></tr>
<tr><td>६०.१</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ अनुसार अन्तिम विल भुक्तानी गर्दा कहाँबाट कहासम्म कार्य भएको हो सो नापी किताब तयार गर्नपर्ने र सोही अनुसार भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयका केही योजनाको निरीक्षण</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गर्दा सडक निर्माणको चेनेज नखुलेको, कामको गुणस्तर र उचाई कम देखिएको, Structure को चेनेज नखुलेको, ड्रइङ नभएकोले परिमाण यकिन गर्न नसकिएकोले कार्यालयले विस्तृत नाँपजाँच गरी परिमाण यकिन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६०.२</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । राजगढ बजार भौतिक सुधार कार्य स्नेहा निर्माण सेवाले गरेकोमा विस्तृत नाँपजाँच नगरेको र Filling को Cross section drawing पेश नगरेको रु.</td><td>६,०२२,९२१</td></tr>
<tr><td>६१</td><td></td><td></td><td>कम कार्यसम्पादन जमानतः<br><br>सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (४) मा बोलपत्र स्वीकृत बोलपत्रदाताले कार्य सम्पादन जमानत दाखिला गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाको देहायको ठेक्कामा कम कार्यसम्पादन जमानत राखी पेश्की भुक्तानी भएको छ । अपुग जमानत रकम बराबरको बैंक जमानत पत्र पेश हुनुपर्ने रु<br>
<table>
<tr><td>ठेक्काको नाम</td><td>निर्माण व्यवसायी</td><td>APG</td><td>पेश्की</td><td>अपुग जमानत</td></tr>
<tr><td>जनविकास मावि निर्माण</td><td>टिविएस कन्स्ट्रक्सन</td><td>१३०००००</td><td>१३२००००</td><td>२००००</td></tr>
<tr><td>वडा कार्यालय ३ ४ ५ ६ र ७ निर्माण</td><td>गाल्वा समता नेपाल पूर्वाधार जेभि</td><td>६२०००००</td><td>६२३०५४७</td><td>३०५४७</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>५०५४७</td></tr>
</table></td><td>५०,५४७</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६२ | | | **आय ठेक्काः**<br><br>बाह्रदशी निर्माण सेवा र कार्यालय बिच सम्झौता मिति समेत उल्लेख नगरेको सम्झौताको बुदा नं २ बमोजिम एकमुष्ट भुक्तानी गरेमा १० प्रतिशत छुट दिन सक्ने व्यवस्था भएतापनि एकैपटक रकम दाखिला गरेको छैन । मिति २०७८।११।१३ मा रु ६३३७६५,२०७८।८।५ मा रु ८७५००० र २०७८।७।८ मा रु ४५०००० गरी पटक पटक रु १९५८६७५ मात्र रकम दाखिला गरकोले रु ५०७९७० नपुग रकम र १० प्रतिशत छुट दिएको रकम छुट दिन नमिल्ने रु २७४०८२ गरी हुने रकम असूल गर्नुपर्ने रु | ७८२,०५२ |
| ६३ | | | **साधुपर्ति मिल सिमसार क्षेत्रको पर्यटन प्रवर्द्धन**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ ।साधुपर्ति मिल सिमसार क्षेत्रको पर्यटन प्रवर्द्धनको DPR तयार गर्ने कार्य सुनकोशी इभरग्रीनले गरेकोमा Drawing अनुसार Flooting को PAD को size फरक परेको, Foundation को Brick work बढी देखाएको, Brick masonry को Floor height बढी देखाएकोले लागत अनुमान बढी भएको छ । Drawing भन्दा फरक लागत अनुमान फरक परेको अवस्थामा DPR खर्च लेखुको औचित्य नदेखिएको रु. | ४७३,५६४.३३ |

| केही उदाहरण | परिमाण | दर | जम्मा | |
|---|---|---|---|---|
| M25 | 3.445 | 20390 | 70284.33 | |
| Brick work | 25205.40 | 16 | 403280 | |
| Brick work in foundation | - | - | - | 2-06=1.4 हुनुपर्ने |
| Brick work super structure | 3.475 | - | - | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६४ | | | **सामाजिक सुरक्षा तर्फ** | |
| ६४.१ | | | सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेमा समयमै सो कार्य भएको छैन ।<br><br>• सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १६(घ) बैकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा नगइसकेको स्थानीय तहको हकमा सम्बन्धित वडा समितिको रोहवरमा भत्ता रकम वितरण गर्नुपर्ने व्यवस्था सम्पुर्ण वडाहरुमा कार्यान्वयन भएको छैन ।<br>• मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लागातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेखबाट कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा सामाजिक सुरक्षाको मुल अभिलेख तयार गरि पेश भएको छैन । लाभग्राहीको अद्यावधिक विवरणका आधारमा मात्र सामाजिक सुरक्षा भत्ता निकासा हुने व्यवस्था कडाईका साथ लागु गर्नु पर्दछ ।<br>• हिसाब फरफारखः सामाजिकसुरक्षाभत्तावितरणकार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा स्थानीय तहले प्रविष्ट गरेको एम आई एस लगतको आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने र परिच्छेद ५ को बुँदा नं २१ मा भत्ता रकम बैंकमार्फत वितरण गर्नुपर्ने व्यवस्था छ। सोही कार्यविधिको अनुसुची १० को शर्त नं ६ र ७ मा तोकिएको ढाँचामा बैंकले लाभग्राहीको खातामा भत्ता वितरण गरेको विवरण खुल्ने रिभर्स फिड पालिकालाई उपलब्ध गराउनुपर्ने समेत व्यवस्था रहेकोमा पालिकाले अद्यावधिक रिभर्स फिड लिई निकासा भिडान गरी हिसाब फरफारख गरेको देखिएन। यस सम्बन्धमा पालिकाले बैंकसंग अद्यावधिक विवरण माग गरी निकासा दिएको भत्ता रकम वितरण भए नभएको सम्बन्धमा सुनिश्चित गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • बैंक मार्फत वितरण भएको भत्तामा मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा बालिक भई उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकोमा लागातार एक वर्षसम्म खाता निष्क्रिय भएमा, सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्ने व्यवस्था पंञ्जिकरण कार्यविधिमा उल्लेख भएकोमा पालिकाले बैंकलाई यस सम्बन्धमा जानकारी नै दिएको देखिएन ।यस्तो खाताको अनुगमन गरी रकम फिर्ता गर्नुपर्दछ ।<br>• सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ अनुसूची ७ र ८ अनुसूची मा सामाजिक सुरक्षा विशेष वचत खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्क्रिय (Dormant खाताको विवरण केन्द्रिय पञ्जिकरण बिभागलाई दिनुपर्ने साथै अनुसूची ८ को बुदाँ नं. १० मा बैंकले निष्क्रिय (Dormant खाताको विवरण सम्वन्धित स्थानीय तहलाई दिनुपर्ने व्यवस्था छ । बैंकले गाउँपालिकाको सामाजिक सुरक्षा वितरण गर्दा Dormant खाताको विवरण गाउँपालिकालाई दिएको पाइएन । यसले गर्दा फिर्ता हुनुपर्ने रकम फिर्ता भए नभएको एकिन गर्ने सकिएन ।कार्यविधिमा भएको व्यवस्था अनुसार गाउँपालिकाले उक्त बैंकसँग Dormant खाताको विवरण मागि कार्यविधिमा भएको व्यवस्था पालना गर्नुपर्दछ ।<br>• पारदर्शिता र जवाफदेहिताः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानाकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक सस्था, गैरसरकारी सस्था, सामाजिक परिचालनमा संलग्न सस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सुचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्नेको साथै सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सार्वजनिक सुनुवाईः स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ।<br>• अनुगमन - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन। | |
| ६४.२ | | | सामाजिक सुरक्षा खर्चः सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन-२०७५,सामाजिक सुरक्षा नियमावली२०७६,विद्युतिय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ । पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट रु.१३०५४६१४९ /-प्राप्त भएको मध्ये कुल ७ वडामा ३३२३ जनालाई सामाजिक सुरक्षा भत्ता बापत रु वितरण गरि वाकी रकम रु १४५३१२ सँघिय सञ्चितकोष फिर्ता गरेको छ। | |
| ६४.३ | | | **लगत कट्टाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ११ मा ऐनको दफा १९ बमोजिम सम्बन्धित स्थानीय तहको अभिलेखबाट हटाउनुपर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा पेश भएको लाभग्राहीको लगत कट्टाको विवरणमा तोकिएको प्रकृया पुरा गरि लगत कट्टा गरेको सम्बन्धमा आश्वस्त हुन सकिएन ।<br>वडा नं \| लगत कट्टा संख्या | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>१-७</td><td>१३२</td></tr></table></td><td></td></tr>
<tr><td>६४.४</td><td></td><td></td><td>खाता नं. दोहोरो परेकोः कार्यविधिले तोकिदिएको मिति भित्रै लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तथा परिचयपत्रको नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा लाभग्राहीहरुको नाम प्रविष्टी गरी अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर गाउँपालिकाबाट उपलब्ध गराएको forward feed नमूना परीक्षण गर्दा गाउँपालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै चौमासिकमा लाभग्राहीको खाता नं दोहोरो पर्ने गरी फरक व्यक्तिको नाममा दोहोरो निकासा हुने गरी दोहोरो खर्च लेखेको पाइयो । निम्नानुसार दोहोरो हुने गरी बढी खर्च लेखेको देखिएकोले अन्यको पनि गाउँपालिकाले एकिन गरी बढी भुक्तानी भएको भए असूल गरी सञ्चितकोष दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>वार्ड नं</th><th>लाभग्राहीको नाम</th><th>परिचय पत्र नं.</th><th>बैंक खाता नं.</th><th>समूह</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>5</td><td>San Wati Rajbanshi</td><td>1993040118946</td><td>8522524117797010</td><td>जे ना ७० माथि</td><td>24000</td><td rowspan="2">पहिलो र दोस्रो त्रैमासिकको भत्ता दोहोरो भुक्तानी भएको</td></tr>
<tr><td>5</td><td>sanawati rajbanshi</td><td>1999100201732</td><td>8522524117797010</td><td>जे ना ७० माथि</td><td>24000</td></tr>
<tr><td>3</td><td>talamai mardi</td><td>2040011003781</td><td>8522524990683020</td><td>एकल महिला/विधवा</td><td>15960</td><td rowspan="2">पहिलो र दोस्रो त्रैमासिकको भत्ता दोहोरो भुक्तानी भएको</td></tr>
<tr><td>3</td><td>talamai mardi</td><td>2040011004268</td><td>8522524990683020</td><td>एकल महिला/विधवा</td><td>15960</td></tr>
</table></td><td>९५,८८०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>4</td><td>Purni Majhi</td><td>20170326 00761</td><td>23601000003 55120</td><td>एकल महिला/विधवा</td><td>7980</td><td rowspan="2">तेस्रो त्रैमासिकको भत्ता दोहोरो भुक्तानी भएको</td></tr>
<tr><td>4</td><td>Purni Majhi</td><td>20170326 00753</td><td>23601000003 55120</td><td>एकल महिला/विधवा</td><td>7980</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>95880</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>बिदुर भत्ताः<br><br>स्थानीय सरकार संचालन ऐन,२०७४ मा स्थानीय तहले आफ्नो क्षेत्रमा अनुत्पादक, पुँजी वृद्धि नहुने, महत्वाकांक्षी एवं वितरणमुखी योजनाहरुलाई निरुत्साहित गर्दै उत्पादनमुलक योजनाहरुमा बजेट विनियोजन गर्नुपर्ने उल्लेख गरको भएपनि सामाजिक सुरक्षाको सम्बन्धमा नेपाल सरकारले प्रदान गरेको सुविधामा दोहोरो नपर्ने गरी कार्यविधि स्वीकृत गरेर मात्र कार्यान्वयनमा ल्याउनु पर्दछ । नेपाल सरकारले सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत विभिन्न व्यक्तिहरुलाई मासिक रुपमा सामाजिक सुरक्षा भत्ता प्रदान गर्दै आएको छ । तर उक्त कार्यक्रम भन्दा छुट्टै यस वर्ष गाउँपालिकाले वडा नं ६ र ७ मा एकल पुरुष तथा विदुर भत्ता बापत रु. १८२६७०/- खर्च गरेको छ । यसरी प्रदान गरेको भत्ता सुविधाहरु सम्बन्धी कुनै पनि कार्यविधि नबनाई वितरण गरेको रु.</td><td>१८२,६७०</td></tr>
<tr><td>६६</td><td></td><td></td><td>सोझै खरिद<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजिक निकायले कुनै पनि खरिदका लागि लागत अनुमान तयार गरी स्वीकृत गर्नु पर्ने साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ अनुसार रु. एक लाख भन्दा बढीको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेको कम्तिमा तीनवटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट लिखितरुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्नेछ उल्लेख छ । तर पालिकाले देहायको फर्मबाट खरिद</td><td>३१५,४४५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गरिएको फर्निचरको तथा बाखाको लागत अनुमान तयारी तथा स्वीकृत नगरी तथा टुक्रा बनाइ खरिद गरी नियमसंगत नदेखिएको रु<br><br>
<table>
<tr><th>गोभौनं</th><th>विक्रेता</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>६६६</td><td>विवेक इलेक्ट्रोनिक्स</td><td>कोटेशन वेगार ग्यास चुलो सेट खरिद</td><td>११८२००</td></tr>
<tr><td>६७१</td><td>बालाजी ट्रेड एण्ड आइरन स्टोर्स</td><td>कोटेशन वेगार जस्तापाता खरिद</td><td>१९७२४५</td></tr>
</table></td><td></td></tr>
<tr><td>६७</td><td></td><td></td><td>आवश्यकता पहिचान विना खरिदः<br><br>१२।५।२३ कम्प्युटर सोलुसनबाट खरिद गरेको Apple pro m1 macbook भ्याट सहित रु २७५००० मा खरिद गरेको सो को माग फारम नभएको र कार्यालयलाई आर्थिक भार पर्ने महंगो मूल्यमा उक्त सामाग्री खरिद गर्नुको खास प्रयोजन नखुलेको,स्पेसिफिकेशन नभएको । खरिदको आवश्यकता पहिचान र कार्यालयलाई अधिकतम उपयोगी हुने सामाग्री मात्र खरिद गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>६८</td><td></td><td></td><td>सेवा उपलब्धको विवरण<br><br>३६९।१०।१७ नेपाल रेडक्रस सोसाइटी झापा जिल्ला शाखालाई पालिका तथा वडा कार्यालयको सिफारिसमा विपन्न नागरिकलाई स्वीकृत अस्पतालको माग बमोजिम आवश्यक पर्ने रगत उपलब्ध गराउने र उक्त संस्थाले पुर्याएको सेवाको</td><td>३००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | एकिकृत विवरण २०७९ साल अषाढ मसान्त सम्म उपलब्ध गराउनु पर्ने सम्झौतामा व्यवस्था भएकोमा सो बमोजिम सेवा उपलब्ध गराएको विवरण पेश गर्नुपर्ने | |
| ६९ | | | **नन फाइलर**<br><br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु. भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु नन् फाईलर रहेकोले मू.अ.कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु | ४८१,२४२.३१ |

| गो.भौ.नं. | फर्मको नाम | वीजक रकम | विल नं | प्यान नं. | मूअकर रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| ११।१०१।८ | टिबिएस कन्स्ट्रक्सन एण्ड सप्लायर्स | १२८३१४५।४० | ११ | ६०९५२३८४१ | १४७६१८.५ | 2079.M.1 |
| २६।१।२५ | टिबिएस कन्स्ट्रक्सन एण्ड सप्लायर्स | २५४३१६६।५० | ००००११ | ६०९५२३८४१ | २८४२३३.५८ | 2079.M.1 |
| ४३।३।२० | टिबिएस कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ४२९३१५ | १३ | ६०९५२३८४१ | ४९३९०.२३ | 2079.M.1 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७० | | | **दोहोरो करबिजक**<br><br>मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवाको आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखी बाहेक प्रापकलाई अनुसुचि ५ र ५(क) बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ । टिबिएस कन्ट्रक्सन एण्ड सप्लायर्स प्रालिले जनविकास प्रस्तावित मावि निर्माणका लागि बिल बिजक जारी | २,५४३,१६६.५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरेकोमा भौ नं ११।२०७८।१०।१८ मा रु १२८३१४५ बिजक नं ११ मिति २०७८।१०।१८ बाट र भौ नं २६।२०७९।१।२५ मा रु २५४३१६६।५० को बिजक नं ००००११ २०७९।१।२३ मा गरी एकै नम्बरको दोहोरो कर बिजक जारी गरेकोले यसमा थप छानबिन गरी भुक्तानी भएको मूअकर समायोजन पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु | |
| ७१ | ३२ | २०७८-६-१९ | **सुचना विभागबाट स्वीकृत**<br><br>नेशनल एण्ड रिसर्च प्रा.लि. मार्फत एकिकृत सेवा व्यवस्थापन प्रणालीको Software खरिद गरेकोमा सुचना विभागबाट स्वीकृत लिएको छैन । साथै उक्त प्रणालीको योजना शाखाले मात्र प्रयोग गरेको पाइएकोले उपयोगिता समेत गरेको नदेखिएकोले अनियमित देखिएको रु. | |
| ७२ | | | **आवधिक योजना**<br><br>गाउँपालिकाले आवधिक योजना निर्माण गरी रु.१९८५४१० खर्च लेखेकोमा आफ्नै जनशक्तिबाट कार्य गराउनुपर्दछ । | |
| ७३ | | | **सोझै खरिद**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग रु ५ लाख भन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । यस वर्ष पाललिकाले मकै पकेट कार्यक्रम मोटर खरिद कार्यक्रम लगायत कार्यक्रम संचालन गर्न देहायका आपूर्तिकर्ताहरुबाट विना प्रतिस्पर्धा विभिन्न समुहहरुको देहाय बमोजिमको कृषि सामाग्री खरिद गरी वितरण गरेको छ । प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see table below) | |

| गो.भौ.नं. र मिति | विवरण | आपूर्तिकर्ता | रकम |
|---|---|---|---|
| 186 । २०७९/ ०३/२३ | मकै प्रवर्धन कार्यक्रम | सुन्दर आधुनिक कृषि ससार प्रा लि | ८९६१ १२. |
| 232 । २०७८/ १२/०२ | बोरिङ्ग (७५%25 अनुदान)] | मेशिनरी नेपाल प्रा लि | ७७६३ ८१. |
| 292 । २०७८/ १२/१७ | मोटर (५०%25 अनुदान) | मेशिनरी नेपाल प्रा ली | ४९८२ १७. |
| 445 । २०७९/ ०३/१६ | किसानहरूका लागी कृषि सचाइ मोटर खरिद गर्न] | मेशिनरी नेपाल प्रा ली | ५००० ००. |
| 175 । २०७९/ ०३/२२ | तरकारी बालीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन | मेशिनरी नेपाल प्रा ली | ४९६० ००. |
| 129 । २०७८/ ०९/२८ | मोटर तथा बोरिङ्ग खरिद] | मेशिनरी नेपाल प्रा ली | ४००० ००. |
| 131 । २०७८/ ०९/२८ | मोटर तथा बोरिङ्ग खरिद] | मेशिनरी नेपाल प्रा लि | २३८० ००. |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>172।२०७८/१०/२६</td><td>५०/५० साझेदारीमा कृषकहरुलाई कृषि सामाग्री वितरण कार्यक्रम</td><td>मेशिनरी नेपाल प्रा लि</td><td>३३०० ००.</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४१३४ ७१०.</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७४</td><td></td><td></td><td>
भैपरी खर्च<br>
कार्यालयले विभिन्न वडाहरुलाई पूँजीगत खर्च शिर्षकबाट भैपरी खर्च उल्लेख गरी खर्च लेखेको छ । बजेट छुटयाएर मात्र यस्तो खर्च लेख्नुपर्दछ । केही उदाहरण
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>रकम</th></tr>
<tr><td>४०।०७८।६।१९</td><td>१९०००</td></tr>
<tr><td>८२।०७८।८।२</td><td>३००००</td></tr>
<tr><td>८७।०७८।८।१७</td><td>३००००</td></tr>
<tr><td>९२।०७८।८।२२</td><td>३००००</td></tr>
<tr><td>९४।०७८।८।२३</td><td>१७०१४७</td></tr>
<tr><td>११६।०७८।९।२६</td><td>३००००</td></tr>
<tr><td>१२७।०७८।९।२७</td><td>१५०००</td></tr>
<tr><td>१२४।०७८।८।२७</td><td>२४०००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४२७।०७९।३।८</td><td>२५०००</td></tr>
<tr><td>४६२।०७९।३।२१</td><td>५९०००</td></tr>
<tr><td>४७६।०७९।३।२४</td><td>५००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७५</td><td></td><td></td><td>
पुँजीगतबाट चालु खर्च<br><br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गर्नुपर्ने व्यवस्था गरेको छ। तर पालिकाले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु. भुक्तानी दिएको पाईयो ।यसरी पूजिंगत खर्च शिर्षकबाट चालु प्रकृतिको खर्च गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ।
<table>
<tr><th>गो.भौ.नं/ मिति</th><th>विवरण</th><th>खर्च शिर्षक</th><th>रकम</th></tr>
<tr><td>३६५।१।८</td><td>वानालाललाई राजवंशीलाई रु८०००० आधारभूत स्वास्थ्य चौकी भवन उद्घाटन कार्यक्रम</td><td>भैपरी खर्च</td><td>८०० ००</td></tr>
<tr><td>३७६।२।५</td><td>राजु गिरिलाई रु१००००० जनप्रतिनिधि र कर्मचारी भ्रमण अवलोकन खर्च भुक्तानी</td><td>वडाको भैपरी वडा नं ४</td><td>१०० ०००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३७७।२।५</td><td>राजु गिरीलाई जनविकास माविका छात्राहरुलाई पोशाक विवरण खर्च वापत भुक्तानी</td><td>वडाको भैपरी वडा नं ४</td><td>५२५००</td></tr>
<tr><td>३७२।१।२५</td><td>पुण्य प्रसाद आचार्यलाई २७ जना घरपरिवारलाई विद्युत मिटर जडान आर्थिक सहायता १० जनालाई रु५००० का दरले</td><td>भैपरी कोष</td><td>११००००</td></tr>
<tr><td>३९०।२।१६</td><td>प्रेम विष्टलाई सूर्योदय किर्तन मण्डली तिलबारीलाई सहयोग</td><td>भैपरी शिर्षक</td><td>१००००</td></tr>
<tr><td>३८०।२।९</td><td>मुद्दा पैरवी गरेवापत देवी कुमारी निरौलालाई वडाको निर्णयबाट भुक्तानी</td><td>भैपरी पुँजिगत</td><td>६६०१०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७६</td><td></td><td></td><td>कन्टिन्जेन्सी खर्चः<br><br>सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को संसोधन अनुसार कुनै कामका लागि कन्टिन्जेन्सी रकम आवश्यकता नपर्ने भएमा रकम छुट्याउनु हुँदैन सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम निर्धारण गर्नुपर्दा आवश्यकता र मितव्ययिताको सिद्धान्तलाई ध्यानमा राखी आवश्यकताअनुसार ४ प्रतिशतसम्म कन्टिन्जेन्सी रकम छुट्याउन सकिने छ । यसरी छुट्याएको कन्टिन्जेन्सी रकमको कार्यक्रम बनाई अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराएर मात्र खर्च गर्नुपर्नेछ । सो रकममध्ये ५० प्रतिशतभन्दा बढी रकम चालू प्रकृतिको शीर्षकमा खर्च गर्न पाइने छैन साथै सो खर्चको विवरण आर्थिक मामिला तथा योजना मन्त्रालयमा समेत पेश गर्नुपर्नेछ । तर कार्यालयले कन्टिन्जेन्सी खर्चको अभिलेख स्पष्ट राखेको छैन । के कति चालू प्रकृतिमा खर्च भएको हो अभिलेख अद्यावधिक हुनु पर्छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७७</td><td></td><td></td><td>

**फरक शिर्षकमा खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ को उपनियम २ मा स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्वन्धीत खर्च शिर्षकमा परेको र खर्च गर्न बाँकी छ भने मात्र खर्च गर्न सकिने व्यवस्था छ । गाउँपालिकाले देहायबमोजिम शिर्षक फरक पारी खर्च गरेको छ ।

<table>
<tr><td>भौ.नं. र मिति</td><td>खर्च लेखेको कृयाकलाप</td><td>बापत</td><td>रकम</td></tr>
<tr><td>ससर्त चालु तर्फ विभिन्न भौचरबाट</td><td>दिवा खाजा</td><td>तलब भत्ता निकासा</td><td>४९२५७.६०</td></tr>
<tr><td>४५।१०।१४</td><td>गरिवी निवारणका लागि लघु उद्यम कार्यक्रम</td><td>स्प्रे ट्याङ्की वापत भुक्तानी</td><td>६०७९९</td></tr>
<tr><td>२२२।११।२३</td><td>ओमबोखिमको घर उत्तर पश्चिम बाटो स्तरोन्नति ( होमपाइप समेत)</td><td>अदुवा खोला पश्चिम बुधवारे बजार हुँदै घोडामारा उस</td><td>२९२७४०</td></tr>
<tr><td>३२८।१२।३०</td><td>वडा कार्यालय घेराबारा</td><td>महानन्द चोक अधुरो समूह घर पूर्णता उस</td><td>४६९००</td></tr>
<tr><td>३२९।१२।३०</td><td>दायो ३ विभिन्न बाटाहरु मर्मतको लागि परुवा खरीद</td><td>फुर्वा तामाङको घर देखि मेक प्रसाद मावोको घरसम्म ग्राभेल उस</td><td>१२२२०४</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>५७१९००.६</td></tr>
</table>

</td><td>५७१,९००.६</td></tr>
<tr><td>७८</td><td></td><td></td><td>

**आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पर्ने उल्लेख छ । गाँउपालिकाले २०७८।७९ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण सम्पन्न गरेको प्रतिवेदन पेश भएको छ । आन्तरिक लेखापरीक्षणबाट कायम भएको कैफियतहरु अन्तिम लेखापरीक्षण अगावै सम्परीक्षण गराउनुपर्नेमा लेखापरीक्षण अवधिसम्म सम्परीक्षण र नियमित भई नआएकोले प्रतिवेदनमा समावेश गरिएको छ ।</td><td></td></tr>
<tr><td>७८.१</td><td></td><td></td><td>
<table>
<tr><td colspan="2">असूल गर्नुपर्ने वेरुजुको विवरण</td></tr>
<tr><td>विजकको ढाचा<br><br>मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम १७ (१) मा दर्ता भएको कुनै व्यक्तिले कुनै वस्तु तथा सेवाको आपुर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि बाहेक प्रापक लाइ अनुसूचि ५ र ५(क) बमोजिमको ढाँचामा कर बिजक दिनुपर्ने व्यवस्था ५ । निम्न बमोजिमका फर्महरुलाइ निम्न बमोजिमको कामको भुक्तानी गर्दा कैफियत रहेको विजकको भुक्तानी भएकाले सम्बन्धित आ.रा.का मा दाखिला गरेको र कारोवार अंक समेत खुल्ने गरी कर समायोजन गरेको प्रमाण पेश नगरेको खण्डमा असुल गर्नुपर्ने देखिन्छ ।
<table>
<tr><th>गो. भौ. न</th><th>मिति</th><th>फर्मको नाम</th><th>मु.अ. कर</th><th>मु.अ.कर.सहित जम्मा रकम रु.</th><th>कैफियत</th></tr>
<tr><td>6</td><td>2078. 05.23</td><td>टि.बि.एस कन्सट्रक्सन घाग्रा खोला आर्यघाट निर्माण तथा मलामि टहरा सहित</td><td>रु.99 840।-</td><td>रु.867840।-</td><td></td></tr>
</table></td><td>99840</td></tr>
</table></td><td>७७३,०५३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | गो.भौ.न 154 मिति 2078.10.14 मा 50।50 साझेदारीमा कृषकहरुलाई कृषि सामाग्री वितरण कार्यक्रमको श्री सुन्दर आधुनिक कृषि संसार प्रा.लि लाई कुल भुक्तानी रु 96000।00 भएको रकम मध्ये जनसहभागीताको अंश 50 प्रतिशत समावेश भएको कुनै प्रमाण नदेखिएकाले 50 प्रतिशत वापतको रकम श्री सुन्दर आधुनिक कृषि संसार प्रा.लि वाट असुल गर्नुपर्ने रु. रु.48000।00 | 48000 | |
| | | | गो.भौ.न 155 मिति 2078.10.14 मा 50।50 साझेदारीमा कृषकहरुलाई कृषि सामाग्री वितरण कार्यक्रमको श्री सुन्दर आधुनिक कृषि संसार प्रा.लि लाई कुल भुक्तानी रु 99000।00 भएको रकम मध्ये जनसहभागीताको अंश 50 प्रतिशत समावेश भएको कुनै प्रमाण नदेखिएकाले 50 प्रतिशत वापतको रकम श्री सुन्दर आधुनिक कृषि संसार प्रा.लि असुल गर्नुपर्ने रु.49500।00 | 49500 | |
| | | | गो.भौ.न 172 मिति 2078.10.16 मा 50।50 साझेदारीमा कृषकहरुलाई कृषि सामाग्री वितरण कार्यक्रमको d]zLg/L g]kfn प्रा.लि को कुल विल रकम रु.466680।00 मध्ये 50 प्रतिशत साझेदारीको रकम रु 233340।00 भुक्तानी हुनुपर्नेमा रु330000।00 भएकाले वढि भुक्तानि भएको रकम रु.96660।00 सम्बन्धीत फर्म मेशिनरी नेपाल वाट असुल गर्नुपर्ने रु.96660।00 | 96660 | |
| | | | गो.भौ.न 258 मिति 2078.12.07 प्रतिभाटोल बुढ्यौलि चौतारो देखि उत्तर हुदै शहिद मार्ग ग्रावेल स्वीकृत वार्षिक कार्यक्रमलाई रकमान्तर गरी च्यापकटर खरीद मा 80।20 साझेदारीमा कृषकहरुलाई कृषि सामाग्री वितरण कार्यक्रमको श्री सुन्दर आधुनिक कृषि संसार प्रा.लि लाई कुल भुक्तानी रु 400000।00 भएको रकम मध्ये जनसहभागीताको अंश 20 प्रतिशत रकम रु.100000।00 मध्ये रु 10000।00को रकम बिल प्रमाण नदेखिएकाले श्री सुन्दर आधुनिक कृषि संसार प्रा.लि वाट असुल गर्नुपर्ने रु. 10000।00 | 10000 | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गो.भौ.न 283 मिति 2078.12.17 मा स्वीकृत वार्षिक कार्यक्रम सडक वत्ति विस्तार लाई रकमान्तर गरी 80।20 साझेदारीमा कृषकहरुलाई स्प्रे ट्याङ्कि वितरण कार्यक्रमको श्री सुन्दर आधुनिक कृषि संसार प्रा.लि लाई कुल विल रकम मु.अ.कर सहित रु.500000।00 मध्ये 80 प्रतिशत साझेदारीको रकम रु.400000।00 भुक्तानी हुनुपर्नेमा रु.450000।00 भएकाले वढि भुक्तानि भएको रकम रु.50000।00 सम्बन्धीत फर्म श्री सुन्दर आधुनिक कृषि संसार प्रा.लि वाट असुल गर्नुपर्ने रु. रु.50000।00</td><td>50000</td></tr>
<tr><td>गो.भौ.न 445 मिति 2079.03.16 मा किसानहरुका लागी कृषि सिंचाई मोटर खरीद गर्दा खरिद भएको 1. Kirloskar Water pump 2hp mb जिल्ला दर रेट अनुसार प्रति इकाई रु.16275।00 भ्याट वाहेक हुनुपर्नेमा मेशिनरी नेपाल प्रा.लि विजक न.649 वाट रु.17699।00 भ्याट वाहेक खरिद भएकाले प्रति इकाइ वढि भएको मूल्य रु.1424।00 भ्याट वाहेक रहेको छ ।अतः मेशिनरी नेपाल प्रा.लि वाट कुल असुल गर्नुपर्ने रकम (rate1424 qty36pics =51264+13%)= रु.57928।00 रहेको छ।</td><td>57928</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गो.भौ.न 85 मिति 2078।06।19 गाउँकार्यपालिका सदस्य तथा उपाध्यक्षले कानून विपरीत पोसाक भत्ता वापत सुविधा तपशिल लिएकोः
<table>
<tr><th>पदाधिकारी को नाम</th><th>दोहोरो सुविधा लिएको असुल हुने रकम रु.</th></tr>
<tr><td>रत्ना कुमारी राजवंशी</td><td>रु.7425</td></tr>
<tr><td>मिना कुमारी विश्वकर्मा</td><td>रु.7425</td></tr>
<tr><td>प्रेम कुमारी शिवाकोटि</td><td>रु.7425</td></tr>
<tr><td>लिलोवति राजवंशी</td><td>रु.7425</td></tr>
<tr><td>जानकि खड्का</td><td>रु.7425</td></tr>
<tr><td>जम्मा</td><td>रु.37125।00</td></tr>
</table>
</td><td>37125</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गो.भौ.न 517 मिति 2078.12.09 मा स्विकृत वार्षिक कार्यक्रम जेष्ठ नागरीक अपाङ्ग विपन्न वर्गलाई प्रेषर र सुगरको औषधि निःशुल्क वितरण कार्यक्रमा खरीद गरीएको औषधि Tab Amlodepine 5 mg नेपाल सरकार, मन्त्रिपरिषद्का मिति २०७२।०३।२१ ( खण्ड६५) संख्या१२नेपाल राजपत्र भाग५ मिति२०७२।४।१८ मा उल्लेख) को निर्णयल] औषधि ऐन, २०३५ का दफा २६ ल] दिएका अधिकार प्रयोग गरी उक्त औषधिको अधिकतम खुद्रा मुल्य रु.5।00 तोकेकोमा याशोदा फर्मा ट्रेडर्सको विजक न.125 वाट प्रति इकाई मूल्य रु 5.50।00 मा 30000 टयाव्लेट खरीद भएकोमा वढि मूल्य भएको 0.5×30000=15000।00 रकम असुल हुनुपर्ने ।</td><td>15000</td></tr>
<tr><td>गो.भौ.न 720 मिति 2079.03.07 मा अन्तु मिडिया प्रा लि लाई भुक्तानी भएको रु.300000।00 कार्यसम्पन्न प्रतिवेदन र प्रगति विवरण नभएको कारणले असुल हुनु पर्ने रु.300000।00</td><td>300000</td></tr>
<tr><td>गो भौन 865 मिति 2079.03.24 कर्मचारी वैठक भत्ता वापतको कर्मचारी राम कुमार शाह लाई भुक्तानी भएको रकम मा पारीश्रमिक कर दाखिला नभएको रु.9000।00 असुल साथै वैठक वसेको मान्युटको प्रति संलग्न नभएको</td><td>9000</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७८.२</td><td></td><td></td><td>
<table>
<tr><td colspan="2">प्रमाण पेश नभएको वेरुजुको विवरण</td></tr>
<tr><td>विवरण</td><td>रकम</td></tr>
</table>
</td><td>६,५६६,६९६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>वितरण गरेको प्रमाण संलग्न नरहेको<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा खर्च गर्दा यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सहित लेखा राख्नुपर्ने व्यवस्था रहेकोमा निम्न कारोवारहरुमा लाभग्राहीहरुलाई वितरण गरेको प्रमाण संलग्न देखिएन ।
<table>
<tr><th>गोभ ौन</th><th>मिती</th><th>फर्मको नाम</th><th>विवरण</th><th>रकम रु</th></tr>
<tr><td>232</td><td>2078.12.2</td><td>मेशिनरी नेपाल प्रा.लि</td><td>वितरणको भरपाई नभएको</td><td>रु.790369।00</td></tr>
<tr><td>400</td><td>2079.02.17</td><td>नवदुर्गा ट्रेडर्स</td><td>कृषि सामग्रीको वितरणको भर्पाइ नभएको</td><td>रु.345354।00</td></tr>
<tr><td>442</td><td>2079.03.4</td><td>पानस सिमेन्ट कंकृट इ.प्रा.लि</td><td>ह्युमपाइप वितरणको भरपाइ नभएको</td><td>रु.286511।00</td></tr>
</table>
</td><td>रु.1474734।00</td></tr>
<tr><td>गो भौन 868 मिति 2079.03.24 संचार महसुल शिर्षक वाट जय लोकतान्त्रिक साप्ताहिक लाई भुक्तानी भएकोमा प्रकाशन भएको विषयवस्तु र गापा संग भएको सम्झौता समावेश नभएको रु.50400।00</td><td>रु.50400।00</td></tr>
<tr><td>142 गो.भौ.न मिति 2078.10.09 मा वडा न 5 मा वितरण भएको आर्थिक सहायता रकम काज किरीया वापत दिएको मृत्युदर्ताको प्रमाणपत्र संलग्न नभएको पुण्य प्रसाद आचार्य रु150000।00</td><td>रु150000।00</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | गो.भौ.न 432 मिति 2079.03.13 मा वडा न.3 को भैपरी पुँजिगत शिर्षकमा विनियोजित रकम अन्तु मिडिया प्रा.लि लाई भूक्तानी भएको रकम रु.150000।00 साथै सामाग्री प्रकाशनको विवरण प्राप्त नभएको | रु.150000।00 | |
| | | | गो.भौ.न 438 मिति 2079.03.14 मा वडा न.7 को दा.मर्मत संभार शिर्षकमा विनियोजित रकम अन्तु मिडिया प्रा.लि लाई भूक्तानी भएको रकम रु.50000।00 साथै सामाग्री प्रकाशनको विवरण प्राप्त नभएको | रु.50000।00 | |
| | | | गो.भौ.न 41 मिति 2079.03.17 मा पशुपति मा.वि लाई निकाशा भएको रु.900000।00 को श्रेस्ता तथा कार्यसम्पन्न प्रतिवेदन नभएको रु. | रु.900000।00 | |
| | | | गो.भौ.न 46 मिति 2079.03.24 मा जनता प्रा.वि लाई निकाशा भएको रु.1002000।00 को श्रेस्ता तथा कार्यसम्पन्न प्रतिवेदन नभएको रु. | रु.1002000।00 | |
| | | | गो.भौ.न 130 मिति 2078.07.11 मा सुनगाभा सपिङ् सेन्टर विजक न.06 वाट खरीद भएको विवरणको हस्तान्तरण संलग्न नभएको रु.99440।00 सामान-टेवल र पर्दासेट | रु.99440।00 | |
| | | | 164 गोभौन मिति २०७८।08।01 जनविकास मा वि मा अध्ययनरत छात्रालाई पोषाक वितरणको भर्पाइ नभएको रु 230000।00 न्युन सिंदुर साडि सेन्टर लाई भू जिम्मेवार कर्मचारी राजु गिरी | रु.230000।00 | |
| | | | 245 गो.भौ.न मिति 2078।08।27 अन्य सामाजिक सुरक्षा बजेट खर्च वाट विभिन्न मन्दिरहरु लाई पुजा खर्च वापत वडा सचिव वडा अध्यक्ष तथा अन्य मन्दिर प्रतिनिधि लाई वितरण भएको रकमको विल तथा अन्य खर्च भएको प्रमाण नभएको रु.275000।00 | रु.275000।00 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | गो.भौ.न 407 मिति 2078।11।01 वडा न ७ को पिछडा वर्गलाई टेण्ड खरीदको वास्तविक लक्षित वर्गलाई वितरण गरेको भरपाई नभएको रु.50000।00<br>मिन व कार्कि | रु.50000।00 | |
| | | | गो.भौ.न 452 मिति 2078.11.20मा खानेपानि तथा सरसफाई शिर्षकमा विनियोजित तिर्थ कुमारी अधिकारी लाई भुक्तानी भइको रकम रु.10000।00 मा संलग्न विल भरपाई तथा प्रमाण पेश नभएको । | रु.10000।00 | |
| | | | गो.भौ.न 566 मिति २०७८।१२।२० कर्मचारी वानालालको गर्भवति महिला लाई भिडियो एक्स्रे वापतको प्रदान भएको रकममा संलग्न कागजात तथा विल भरपाईको प्रमाण नभएको रकम रु.67500।00 | रु.67500।00 | |
| | | | गो.भौ.न 634 मिति 2079.01.06 बार्षिक स्विकृत कार्यक्रम A.I कार्यक्रमको सक्कल श्रेस्ता नभएको रु.150000।00 | रु.150000।00 | |
| | | | गो.भौ.न 650 मिति 2079.2.10 दायो ३ अति विपन्न परीवारका विद्यार्थिहरु लाई न्यानो कपडा वितरण तथा दायो ३ दलित र पिछडा परीवारका विद्यार्थिलाई न्यानो कपडा वितरण वापत पशुपति मा.वि लाई भुक्तानी भएकोमा कपडा वितरणको भरपाई नभएको रु.200000।00 | रु.200000।00 | |
| | | | गो.भौ.न 671 मिति 2079.02.16 स्विकृत वार्षिक कार्यक्रम गरिव संग वडा कार्यालय कार्यक्रम वमोजिम टिन पाता खरीद वापतको रकम रु.200000।00 श्री बालाजि ट्रेड एण्ड आइरन स्टोर्स भुक्तानी भएकोमा प्राविधिक नाप जाँच भएको देखीएन । रु.200000।00 | रु.200000।00 | |
| | | | गो.भौ.न 689 मिति 2079.02.20 स्विकृत वार्षिक कार्यक्रम बमोजिम स्वास्थ्य कर्मि लाइ क्षमता अभिवृद्धि तालिम वापत भुक्तानी भएको रकम रु.16137।00 मा संलग्न विल भरपाई नभएको । | रु.16137।00 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | गो.भौ.न 704 मिति 2079.02.16 स्विकृत वार्षिक कार्यक्रम सूचना प्रविधि कार्यक्रम वमोजिम टिन पाता खरीद वापतको रकम रु.195000।00 आशिष हार्डवेयरलाई भुक्तानी भएकोमा प्राविधिक नाप जाँच भएको देखीएन । रु.195000।00 | रु.195000।00 | |
| | | | गो.भौ.न 710 मिति 2079.03.05 वाह्रदशी जेसिस लाई भुक्तानी भएको रु.20000।00 विल भरपाई तथा प्रमाण नभएको । | रु.20000।00 | |
| | | | गो.भौ.न 719 मिति 2079.03.07 मा मूल्याङ्कन समितिको वैठक भत्ता वापत वितरणको भरपाई नभएको रु.70000।00 हिमाल सुवेदि | रु.70000।00 | |
| | | | गो.भौ.न 796 मिति 2079.03.20 गर्भवति महिला लाई भिडियो एक्स्रे वापत पुण्य प्रसाद आचार्य लाई भुक्तानी भएको रु.49500।00 मा गर्भवति भएको स्वास्थ्य संस्थाको प्रमाण पेश गर्नुपर्ने | रु.49500।00 | |
| | | | गो.भौ.न 802 मिति 2079.03.21 मा कर्मचारी वानालाल राजवंशिको पेश्कि फछ्र्यौट भएको विवरणमा संलग्न विल र भरपाई नभएको रु.250000।00 | रु.250000।00 | |
| | | | गो.भौ.न 804 मिति 2079.03.22 मा कर्मचारी वानालाल राजवंशिको पेश्कि फछ्र्यौट भएको विवरणमा संलग्न विल र भरपाई नभएको रु.150000।00 | रु.150000।00 | |
| | | | गो.भौ.न 841 मिति 2079.03.24 कर्मचारी वैठक भत्ता वापत रु.142000।00 वितरणको भरपाई नभएको कर्मचारी आरजु खड्का र देव कुमार यादव समेत | रु.142000।00 | |
| | | | गो भौन 859 मिति 2079.03.24 मा कर्मचारी मिन व कार्कि लाई भुक्तानी भएको रु.103500 मेल मिलाप कर्ताको खाजा खर्च शिर्षकको रकममा न्यायिक समितिको मासिक भत्ता तथा खाजा नगदै वितरण भएको रकममा हस्ताक्षर नभएको रु.103500।00 | रु.103500।00 | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>गो भौन 862 मिति2079.03.24 आधारभुत स्वास्थ्य केन्द्र भागडुव्वा र डाँडाँगाँउ कर्मचारी व्यबस्थापन वापत खरीद गरीएको सामाग्रीको वितरणको भरपाई नभएको रु.263885।00 राम कुमार शाह साथै शिर्षक परीवर्तन गरी खरीद भएको</td><td>रु.263885।00</td></tr>
<tr><td>गो भौन 863 मिति2079.03.24 आधारभुत स्वास्थ्य केन्द्र भागडुव्वा र डाँडाँगाँउ कर्मचारी व्यबस्थापन वापत खरीद गरीएको सामाग्रीको वितरणको भरपाई नभएको रु.20000।00 राम कुमार शाह साथै शिर्षक परीवर्तन गरी खरीद भएको</td><td>रु.20000।00</td></tr>
<tr><td>गो.भौ.न 864 मिति 2079.03.024 कर्मचारी वैठक भत्ता वापतकको रकम वितरणको भरपाई नभएको साथै वैठकको मान्युट समेत पेश नभएको रु.227600।00 कर्मचारी तेज प्रसाद रेग्मि</td><td>रु.227600।00</td></tr>
</table></td><td></td></tr>
<tr><td>७८.३</td><td></td><td></td><td><table>
<tr><td colspan="2">नियमित वेरुजु विवरण</td></tr>
<tr><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद<br><br>सार्वजनिक खरिद ऐन २०६३ दफा ८(२) अनुसार खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने साथै दफा (९) मा सम्भव भए सम्म खुला रुपमा बोलपत्र आव्हान गरी विना भेदभाव खरिद प्रक्रियामा बोलपत्रदातालाई समान सहभागिता, अवसर प्रदान गर्नुपर्ने कानुनी व्यवस्था रहेकोमा देहायको निर्माण कार्यमा प्रतिस्पर्धा सीमित हुने टुक्रा टुक्रा खरिद गरेको देखियो ।</td><td>रु.996946।00</td></tr>
</table></td><td>३,०२३,६९५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | 147 गो.भौ.न मिति 2078.10.10 आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली 2077 को नियम 33 बमोजिम उल्लेख भए अनुसार स्विकृत वार्षिक कार्यक्रम बमोजिम खर्च हुनुपर्नेमा अन्य कार्यक्रममा खर्च गरी आषिश हार्डवेयर लाई भुक्तानी दिएको रु.499499।00 | रु.499499।00 | |
| | | | पुँजिगत खर्च शिर्षकवाट चालुमा खर्च गरेको विवरण<br>गो.भौ.न 158 मिति 2078.10.20 मा वडा न.7 को दा.मर्मत संभारमा विनियोजित रकम झिझिया नाच मनाउन व्रिजलाल सहनि लाई भूक्तानी भएको रकम रु.10000।00 | रु10000।00 | |
| | | | गो.भौ.न 229 मिति 2078.11.23 मा वडा न.7 को दा.मर्मत संभारमा विनियोजित रकम भक्का दिवस मनाउन कोचिला गाभुर फ्रन्ट लाई भूक्तानी भएको रकम रु.10000।00 | रु.10000।00 | |
| | | | गो.भौ.न 280 मिति 2078.12.16 मा वडा न.7 को दा.मर्मत संभारमा विनियोजित रकम डाँगिवारी दर्गा मन्दिरमा पुँजिगत खर्च वापत टुमलाल राजवंशि लाई भूक्तानी भएको रकम रु.50000।00 | रु.50000।00 | |
| | | | गो.भौ.न 245 मिति 2078.12.03 मा भैपरी कोष- पुंजीगतमा विनियोजित रकम बाह्रदशी जेसिस लाई भूक्तानी भएको रकम रु.150000।00 कुनै सिफारिस र आधार विना भुक्तानी भएको पाईयो । | रु.150000।00 | |
| | | | गो.भौ.न 310मिति 2078.12.21 मा समपूरककोष पूंजिगतमा विनियोजित रकम कम्प्युटर र प्रिन्टर मर्मत वापत कम्प्युटर सोलुसन सेल्स एण्ड सर्भिस लाई रु.58500।00 भुक्तानि | रु.58500।00 | |
| | | | गो.भौ.न 401 मिति 2079.02.17 मा वडा न.7 को दा.मर्मत संभार पुँजिगत मा विनियोजित रकम सहकारी लेखा तालिम कार्यक्रम संचालन गर्न खोमा देवि मिश्र लाई भूक्तानी भएको रकम रु.50000।00 | रु.50000।00 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | गो.भौ.न 482 मिति 2079.03.24 मा गा.पाको कम्वाइन मिल (60-25)% साझेदारी पुँजिगत शिर्षकमा विनियोजित रकम धान दिवस मनाउन देवि आचार्य लाई भूक्तानी भएको रकम रु. रु.20000।00 | रु.20000।00 | |
| | | | गो.भौ.न 491 मिति 2079.03.24 मा गा.पाको विभिन्न कन्टिन्जेन्सी पुँजिगत शिर्षकमा विनियोजित रकम विविध खर्च खाजा वापत भूक्तानी भएको रकम रु. 25000।00 नियमित देखिएन । | रु.25000।00 | |
| | | | गो.भौ.न 799 मिति 2079.03.31 मा टाइम्स मिडिया नेटवर्क प्रा लि लाई भुक्तानी भएको रु.192100।00 को विना प्रतिस्पर्धा सोझै खरीद गरेको तथा कार्यसम्पन्न प्रतिवेदन र प्रगति विवरण नभएको कारणले नियमित देखिएन रु.192100।00 | रु.192100।00 | |
| | | | प्राविधिक नाप जाँच विना भुक्तानी भएको<br>सार्वजनिक खरीद नियमावली 2064 को नियम 10 तथा नियम 43 वमोजिम निर्माण कार्य गर्दा अनिवार्य रुपमा प्राविधिक नाप जाँच गराउनु पर्नेमा तपशिल बमोजिमको खरीदमा प्राविधिक नाप जाँच गरेको विवरण देखिएन।<br>गो.भौ.न २७९ मिति २०७८।१२।१५ मा जस्तापाता वितरण वापत आषिश हार्डवेयर लाई भुक्तानी भएको रकममा प्राविधिक नापजाँच विना भुक्तानी भएको रु.४०००००।०० नियमित देखिएन | रु.४०००००।०० | |
| | | | गो.भौ.न 415 मिति 2078।11।04 दायो ६ कुमाल जातिलाई माटाका भाँडा बनाउने चक्का खरीद बजेट शिर्षकमा विनियोजित रकम रु.242000।00 सार्वजनिक निकायले खरीद गरी वितरण गर्नुपर्नेमा नगदै वाँडेको देखीयो जुन अनियमित देखिन्छ ।रु.242000।00 फुल कुमारी पण्डित लाई भुक्तानी भएको | रु.242000।00 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | सोझै खरीद<br>सार्वजनिक खरीद नियमावली 2064 को नियम 85 को 4 वमोजिम सार्वजनिक निकायले रु.1 लाख भन्दा माथिको खरीदमा मौजुदा सूचिमा रहेका कम्तिमा 3 वटा फर्मवाट दरभाउपत्र आवह्रान गरी खरीद गर्नुपर्ने देहायको कारोवार सोझै खरीद गरेको पाईयो ।<br>गो.भौ.न 470 मिति 2078.11.23 अत्यावश्यक आयुर्वेद औषधि खरीद वजेट शिर्षकमा विनियोजित रकम रु.199650।00कोटेशन विना नै सोझै खरीद गरी नयनकालिका आर्युवेद फार्मेसि लाई भुक्तानी भएको रकम रु.199650।00 | रु.199650।00 | |
| | | | सोझै खरीद<br>सार्वजनिक खरीद नियमावली 2064 को नियम 85 को 4 वमोजिम सार्वजनिक निकायले रु.1 लाख भन्दा माथिको खरीदमा मौजुदा सूचिमा रहेका कम्तिमा 3 वटा फर्मवाट दरभाउपत्र आवह्रान गरी खरीद गर्नुपर्ने देहायको कारोवार सोझै खरीद गरेको पाईयो ।<br>गो.भौ.न 666 मिति 2079.02.16 ग्यास चुलो सेट वितरण स्वीकृत वार्षिक कार्यक्रम वमोजिम विवेक इलेक्ट्रोनिक्स वाट खरीद भएको रु.120000।00 कोटेशन गरी खरीद गर्नुपर्नेमा सोझै खरीद गरेको पाईयो । | रु.120000।00 | |
| ७९ | | | अनुगमन तथा सम्परीक्षण<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(२) (घ) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० अनुसार बेरुजूको लगत राख्ने र फछ्र्यौट गरी सम्परीक्षण गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने व्यवस्था छ। गाउँपालिकाले बाँकी बेरुजू मध्ये डोर समक्ष सम्परीक्षणको लागि पेश नभएको । | | |